महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७
रैनादेवी छहरा गाउँपालिका, पाल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं. ५, कर्णाली र सुदुरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं :०४

मितिः २०७७/३/२५

श्री अध्यक्षज्यू,
रैनादेवी छहरा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
छहरा, पाल्पा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाई

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७७।७८
च.नं :०४

मितिः २०७७।३।२५

श्री अध्यक्षज्यू,
रैनादेवी छहरा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
छहरा, पाल्पा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले रैनादेवी छहरा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु १० करोड ५० लाख ६३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२१ लाख ५२ हजार नियमित गर्नुपर्ने ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ करोड ३७ लाख ५० हजार र पेश्की बाँकी ९१ लाख ३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०८।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न १६ दफाको रु १ करोड ३६ लाख ८१ हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ (सत्ताईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

रैनादेवी छहरा गाउँपालिका
लेखापरीक्षणको प्रतिवेदन
२०७५/७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उद्देश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ८ वडा, मनोनित २ समेत ४४ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र रैनादेवी गाउँपालिका भित्र रहेको छ ।

स्थानीय सन्चित कोष: आर्थिक वर्ष २०७५।७६ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

स न	आय		स न	व्यय	
	आम्दानी शीर्षक विवरण	रकम		व्यय शिर्षक विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	
	क) नगद मौज्दात	०।००		क) गाउँपा लका तर्फ	४७३४८३६६।४०
	ख) बैंक मौज्दात			ख) सशर्त अनुदान तर्फ	१८९९३१२९९।४१
	१.सचिंत कोष खाता	१९२३५७२४।४१			
	२. धरौटि खाता	३९७८५।००			
२	आन्तरिक आय तर्फ			ग) सामाजिक सुरक्षा कार्यक्रम	४८८१८४००।००
	क) सम्पत्ति कर	८४८४५।००			
	ख) भु मकर□मालपोत	१०३७४१७।४०		ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम	२३५५९६७।००
	ग) घरबहाल कर	७९६७४।९४		च) क्षमता वकास कार्यक्रम	३०५०००।००
	घ) रजिष्ट्रेशन तथा व्यावसाय कर	५४१९०।००		छ) गरिबसँग वश्वेश्वर कार्यक्रम	३७९०००।००
	ज) सफारिस दस्तुर	८६७८२३।००		ज) मुख्यमन्त्री ग्रा मण वकास कार्यक्रम	२१९११४६।००
	झ) अन्य राजश्व	२७९७११५।००			
	ञ) नाता प्रमा णत दस्तुर	०।००	२	पूँजीगत खर्च	
	ट) अन्य कर	१४८३८९।००		क) गाउँपा लका तर्फ	१४२१११४४५।१०
	ठ) बेरुजु	७००००।००		ख) सशर्त अनुदान तर्फ	१००७५८१।००
३	वत्तीय हस्तान्तरण -संघ)			च) पूर्वाधार वकास साझेदारी कार्यक्रम	५४५४०००।००
	क) समानीकरण अनुदान	९४९०००००।००		छ) झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम	२३५००००।००
	ख) सशर्त अनुदान	२००५५८०००।००		ज) मुख्यमन्त्री ग्रा मण वकास कार्यक्रम	१४०९१४६।००
४	वत्तीय हस्तान्तरण -प्रदेश)				
	क) समानीकरण अनुदान	४२९३०००।००			
	ख) सशर्त अनुदान	९६०००००।००	३	अनुदान फर्ता	
	ग) समपूरक अनुदान	५६२८०००।००		क) सशर्त अनुदान -संघ)	९६१९११९।५९
५	राजश्व बाँडफाँड -संघ)			ख) सशर्त अनुदान -प्रदेश)	५३५६३८।००
	क) अन्य बाँडफाँड हुने राजश्व	५७९६०५६६।७६	४	निकासा फर्ता	
६	राजश्व बाँडफाँड -प्रदेश)			क) गरीव सगँ विश्वेश्वर कार्यक्रम	१५०००।००
	क) सवारी साधन कर	५३६०२००।५७		ख) प्रधानमन्त्री रोजगार कार्यक्रम	५७०३३।००

७	अन्तर सरकारी अख्तियारी			ग) पूर्वाधार वकास साझेदारी कार्यक्रम	६१५०००।००
	क) सामाजिक सुरक्षा कार्यक्रम	४९१३९४००।००		घ) मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम	१९२८५४।००
	ख) मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम	२३८४०००।००	५	**धरौटि फिर्ता**	१२६३७८५।००
	ग) पूर्वाधार वकास साझेदारी कार्यक्रम	६०६९०००।००	६	बाँकी मौज्दात	
	घ) प्रधानमन्त्री रोजगार कार्यक्रम	२४१३०००।००		क) सचिंत कोष खाता	७४३४३५६।०८
	ड) क्षमता वकास कार्यक्रम	३०५०००।००		ख) चालु खाता	२५९१५९६।५०
	च) गरिबसँग वश्वेश्वर कार्यक्रम	३९४०००।००		ग) पुजिगत खाता	१००७३९८।००
	छ) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम	२३५००००।००		घ) धरौटि खाता	६४९०००।००
८	धरौटि आय	१८७३०००।००		ख) नगद मौज्दात	०।००
	जम्मा आय	**४६७६४२१३१।०८**		जम्मा **खर्च**	**४६७६४२१३१।०८**

……

सि. नं.	लेखापरिक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.	**असुली :** कार्यालयले गाऊँपालिका सन्चित कोषमा आन्तरिक आम्दानी दाखिला नगरेको रु २,१४,५००।०० तथा सामाजिक सुरक्षा भत्ता बढि खर्च लेखेको रु १,१२,८८०।०० समेत रु ३,२७,३८०।०० लेखापरिक्षणबाट औल्याए पछि दाखिला गरेको प्रमाण पेश भएको छ ।	
२.	**वित्तिय विवरणको यथार्थता:** कार्यालयले सन्चित कोषको एकिकृत हिसाव तयार गरेको छैन । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२.१	**बैङ्क हिसाब समायोजन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय व्यय तथा बैक हिसाव अनुसार २०७६ आषाढ मसान्तमा स्रेस्ता अनुसार बैंक मौज्दात रु ११०३३३५०।५८ र चालु तथा पूँजिगत खातामा शुन्य मौज्दात देखिएको र बैंक प्रमाण अनुसार संचित कोष खातामा रु १३०४२४२६।०८ चालु खातामा रु ३०४६१३७२।७० र पूँजिगत खातामा रु. ३७०७३४०४।०० समेत रु ८०५७७२०२।७८ रहेकोले श्रेस्तामा भन्दा बैंकमा रु ६९५४३८५२।२० बढि देखिएकोमा बैंक हिसाब समायोजन विवरण (म.ले.प.फा.नं.१५) तयार गरेको छैन । अतः बैंक समाधान विवरण तयार गर्नु पर्ने देखिएको रु	६९५,४३,८५२/२०
२.२	**वित्तीय प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाऊँ स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ ।	
२.३	**आर्थिक विवरणको यथार्थता :** कार्यालयको एकिकृत आर्थिक विवरणले यथार्थ आर्थिक वित्तिय अबस्था देखाएको हुनुपर्दछ । कार्यालयको आर्थिक कारोवारको वैंक नगदी किताबमा देहायका कैफियतहरु देखिएकोले लेखापरीक्षणमा प्रस्तुत एकिकृत आय व्ययको आर्थिक विवरणले यथार्थ आर्थिक स्थिती चित्रण गर्न सक्दैन । अतः कारोवारको श्रेस्ता तयार गर्दा यथार्थपरक बनाउनु पर्दछ । केहि उदाहरणहरु- (क) गो. भौ.न. र मिती ४२-२०७६।०३।३१ वडा नं. ४ का वडा सचिव रविन्द्र रायमाझीको नाममा रहेको दोस्रो चौमासिकको सामाजिक सुरक्षा पेश्की रु ३५७५२००।- मध्ये रु. ३४९४८००।- को फाँटवारी भएकोमा पुरै पेश्की फछ्यौट गर्दा ३५७५२००।- नै पेश्की फछ्यौट गरेको फाँटवारी भन्दा बढी फछ्यौट गरेको रु ८०४००।- बैंक जम्मा पनि नदेखाएको र बजेट खर्च पनी नघटाएको देखियो । (ख)गो.भौ.न.२९-२०७६□०२□२४ वडा नम्बर ४ का वडा सचिव श्री रविन्द्र रायमाझीले रू. ३७४२४००।०० सा.सु भत्ता पेश्की फछ्यौट गर्दा बचत रू. २३८४००।०० सम्वन्धित बैंक खातामा जम्मा गरिएकोमा बैंक जम्मा देखाई बजेट खर्च रू ३५०४०००।०० मात्र खर्च लेख्नु पर्नेमा बैंक जम्मा नदेखाएको पुरै खर्च लेखेकोले यथार्थ खर्च देखाउदैन ।	

३	**आन्तरिक नियन्त्रण प्रणाली** यसमा देहायका व्यहोराहरु देखिएका छन् ,	
३.१	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अत आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ ।	
	क) राजश्व वक्यौता असुली सन्तोषजनक भएको छैन । ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि गरेको छैन । ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक राखेको छैन । घ) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने गरेको छैन । ङ) उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने गरेको छैन । च) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा शिक्षा,स्वास्थ्य,अस्पताल लगायत गाउँपालिकासमेतको लगायत तलबी प्रतिवेदन पारित गराएको छैन छ) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ राखेको छैन । ज) खरिद आदेश बिना सामान खरिद । झ) पेश्कि खाता राखेको छैन । (ञ) आम्दानी खर्चका केहि गोश्वारा भौचरहरु सिलसिलेवार रुपमा फाइलमा राख्ने नगरेको । (ट) अधिकाशं खर्चका प्रमाणसाथ सम्बन्धित बैंक आदेश संलग्न राख्ने नगरेकोले सम्बन्धित पक्षले भुक्तानी पाएको सुनिश्चित हुन सकेन । (ठ) बजेट खर्च लेख्दा बैक आदेश तयार गरेकोमा सम्बन्धित बैकले बुझेको प्रमाणहरु राख्ने नगरेको ।	
३.२	**कार्यविवरण**:- निजामति सेवा नियमावली २०५० को नियम ९ (१) को खण्ड घ र ङ मा निजामति पदहरुको अनुसूची ४ बमोजिमको कार्य विवरण तयार गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य विवरण तयार गरी लागु गरेको देखिएन । अत: कार्य विवरण तयार गरी कर्मचारीहरुलाई जिम्मेवार बनाईनु पर्दछ ।	
३.३	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/गाउँपालिकाक्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाऊँ र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । तर कार्यालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ	
४	**बजेट, अख्तियारी,कार्यक्रम,योजना तर्जुमा र कार्यान्वयन :-** यसमा देहायको व्यहोराहरु देखिएका छन् ।	
४.१	**वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाऊँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ २२ मा पेश गरि २०७५ आषाढ ३० गतेमात्र स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने तर्फ ध्यानाकर्षण गरिनु पर्दछ ।	
४.२	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट	

वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाऊँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।३० गते सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यबस्था अनुसार ८ दिन पछि २०७५।०४।०७मा मात्र उपलब्ध गराएको देखियो । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४.३ **योजनागत लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्ष सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यालयले त्यस अनुसार लक्ष प्रगति विवरण तयार गरेको छैन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार कुल कार्यक्रम ४७३ र सहायक कार्यक्रम २७८ भएकोमा सम्पन्न नभएका घटि प्रगती भएको विवरण तयार गरेको छैन । कार्यालयले योजना खाता राखेको छैन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न तथा लक्ष वमोजिम प्रगति हासिल गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ ।

४.४ **टुक्रे योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकांश रु ५० हजार र सो भन्दा साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

४.५ **चौमासिक कार्यक्रम र आषाढको खर्चः** अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु ४४ करोड ३५ लाख ७१ हजार गरेकोमा तेस्रो चौमासिकमा रु २६ करोड ४४ लाख ९ हजार अर्थात ५९.६ प्रतिशत र आषाढ महिनामा रु १७ करोड १९ लाख ९ हजार अर्थात ३८.८ प्रतिशत खर्च गरेको छ । अतः कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ ।

खर्च शिर्षक	कूल खर्च रु हजारमा	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु खर्च	४४३५७१	८८२८२	९०८८०	२६४४०९	१७१९०९
खर्च प्रतिशत	१००%	१९.९%	२०.५%	५९.६%	३८.८%

५. **अनुगमन मुल्यांकन एवं पृष्ठपोषण व्यवस्थाः** कार्यालयले कार्यक्रम सन्चालन पश्चात गरेको कामको अनुगमन मूल्यांकन गरी निर्देशन र पृष्ठपोषण गरेको हुनुपर्छ । गाउँपालिकाको चालु खर्चको फाँटबारी अनुसार अनुगमन मूल्यांकनमा रु.१५ लाख भ्रमण खर्चमा रु १६ लाख प्रतिनिधि मण्डलको भ्रमणमा ८ लाख र अन्य भ्रमणमा रु. १ लाख विनियोजन गरी खर्च गरेको देखियो । तर अनुगमन मूल्यांकन तथा भ्रमणबाट फर्किए पछि प्रतिवेदन दिने तथा सुधारका पक्षहरु औल्याउनु पर्ने, कार्यान्वयन पक्ष र तत्पश्चात पृष्ठपोषणको व्यबस्था गर्ने गरेको देखिएन । यसबाट अनुगमन तथा भ्रमणको उद्देश्य तथा उपलब्धि विश्लेषण गर्न सकिएन । अतः भ्रमण तथा अनुगमन मूल्यांकन पश्चात प्रतिवेदन निर्देशन कार्यान्वयन एंव पृष्ठपोषणको व्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

६. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने र समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको पेश्कीको एकिकृत विवरण अनुसार पेश्की बाकी नरहेको जनाएको छ । तर कार्यालयले साविक गाँउ बिकास समितिहरु हाल गाउँपालिकामा समाहित हुदाका बखत बाँकी रहेको पेश्की एकिन गरी पेश्की बाँकी कायम गरेको छैन र सो सम्बन्धि ८ वटै गा.बि.स.को एककिृत अभिलेख पनि राखेको छैन । अत : साविक गाँउ बिकास समितिहरुको पेश्की बाँकी यकिन गरी अभिलेख तयार गरिनु पर्दछ । साथै यो वर्ष निम्न कर्मचारीहरुके नाममा रहेको पेश्की फछ्यौट नगरी बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार फछ्यौट गर्नु पर्ने रु. ८७६३८००/-

सि.न.	पेश्की पाउनेको नाम	कार्यक्रम	पेश्कीको मिति	रकम
१	गाउघर क्लिनिक केरे पिपल असारे उ.स.	गाउघर क्लिनिक भवन निर्माण	२०७५/०९/०२	६००००
२	कालिका मा.वि.	प्राविधिक शिक्षा संचालन	२०७५/०९/१६	३४००००
३	श्री हुम बहादुर कुवार	सामाजिक सुरक्षा भत्ता	२०७६/०३/३१	१८०५६००

	४	श्री रविन्द्र रायमाझी	सामाजिक सुरक्षा भत्ता	२०७६/०३/३१	३५६४८००	
	५	श्री हुम बहादुर कुवर	सामाजिक सुरक्षा भत्ता	२०७६/०३/३१	११२९६००	
	६	स्वा.सं जिवन राना	स्वास्थ्य सिविर संचालन	२०७६/०२/२६	२३००००	
	७	मालिका आधारभुत विद्यालय	शौचालय निर्माण	२०७६/०२/२०	१९००००	
	८	कालिका मा.वि.	४ कोठे भवन निर्माण	२०७६/०२/१२	९०००००	
	९	स्वा.स. जिवन राना	आमा शुरक्षा	२०७६/०१/०६	१८८८००	
	१०	स्वा.स. जिवन राना	कुष्ठरोग कार्यक्रम	२०७६/०१/११	१४५०००	
	११	स्वा.स. जिवन राना	कार्यक्रम समिक्षा	२०७६/०३/०३	६००००	
	१२	स्वा.स. जिवन राना	एकिकृत पोषण	२०७६/०१/०९	१५००००	
		जम्मा			८७६३८००/-	
७	**आन्तरिक आय व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।					
७.१	**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकास्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।					
७.२	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७५।७६ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. ८८ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ९० लाख ६९ हजार अर्थात अनुमान भन्दा ४२.४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।					
७.३	**एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से, गरिवी निवारण कोष, एलजिसिडिपी लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवारमा समेटनु पर्दछ ।					
७.४	**बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठनुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठनुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठनुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ ।					
७.५	**आन्तरिक आय :** कार्यालयले यो वर्ष रु रु. ५० लाख ६९ हजार आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका ८ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडा कार्यालयले गाउँपालिकाको आयमा गरेको योगदान तथा असुली राजश्व दाखिला एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।					
७.६	**राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको					

	दैनिक टिपोट खाता सहित आम्दानी असुली र बैंक दाखिलाको अभिलेख व्यबस्थित गरी नराखेको, वडा कार्यालयहरुले नगदी रसिद भरी नगद असुल गरेकोले यथार्थ आम्दानी यकिन गर्न सकिएन । साथै असुली भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । नियमावलीको व्यवस्था अनुसार असुली रकम समयमै दाखिला गर्नुपर्ने र म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ ।	
७.६.१	**वडा कार्यालयहरुको राजश्व दाखिला :**आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ उपदफा ४ मा आफनो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यस्को भोलीपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए १०% प्रतिशत र १५ दिन सम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना र सो समेत दाखिला गर्ने लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ % जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिन सम्म वा १० दिन भन्दा बढी ढिला गरेता पनि १०% जरिवाना गर्ने व्यबस्था भएकोमा प्रदेश ऐनको व्यवस्था संधिय ऐनको व्यवस्थासंग मेल भएको छैन । यसमा सुधार गरिनु जरुरी देखिन्छ ।	
७.६.२	**ढिला दाखिला जरिवानाः** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिन सम्म वा १० दिन भन्दा बढी ढिला गरेता पनि १०% जरिवाना गर्ने व्यबस्था रहेको छ । कार्यालयले मातहतका वडाहरुवाट देहाय अनुसार ढिला गरि मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार गनुपर्ने देखिएको रु	२०४,५६१/-

वडा न	वडा सचिवको नाम	आय असुलि अवधि	असुलि रकम	ढिला दाखिला रु	बैक दाखिला मिति	ढिला दिन	जरिवाना
१	**श्री मोहन ज्ञवाली**	श्रावण	१०१७३	१०१७३	७/२८/२०७५	८९	१०१७.३
		भाद्र	२६३०	२६३०	७/२८/२०७५	५८	२६३
		असोज	५३२०	५३२०	७/२८/२०७५	२७	५३२
		कार्तिक	९३९५	९३९५	१०/२७/२०७५	८६	९३९.५
		मंसिर	७६७३	७६७३	१०/२७/२०७५	५६	७६७.३
		पौष	१०४४३	१०४४३	१०/२७/२०७५	२५	१०४४.३
		माघ	४११५	४११५	१/१२/२०७६	७१	४११.५
		फागुन	६९३०	६९३०	१/१२/२०७६	४१	६९३
		चैत्र	५०१५	५०१५	१/१२/२०७६	११	५०१.५
		बैशाख	५७९०	५७९०	३/२६/२०७६	५६	५७९
		जेष्ठ	३५१४८	३५१४८	३/२६/२०७६	२५	३५१४.८
		वडा १ को जम्मा		**१०२६३२**			**१०२६३**
२.	**श्री लक्ष्मण भट्टराई**	असोज	२१७८५	२१७८५	७/१२/२०७५	११	२१७८.५
		कार्तिक	२३५०८	२३५०८	८/२०/२०७५	१९	२३५०.८
		मंसिर	१४५७८	१४५७८	९/११/२०७५	१०	१४५७.८
		पौष	८८१९	८८१९	१०/११/२०७५	१०	८८१.९
		माघ	२७८५०	२७८५०	११/६/२०७५	५	२७८५
		फागुन	१००९८	१००९८	१२/१८/२०७५	१७	१००९.८
		चैत्र	३२८७९	३२८७९	१/१७/२०७६	१६	३२८७.९
		बैशाख	२२८५७	२२८५७	२/१२/२०७६	११	२२८५.७
		जेष्ठ	२०५२२	२०५२२	३/१६/२०७६	१५	२०५२.२

		आषाढ	४७१४५	४७१४५	४/९/२०७६	८	४७१४.५
	वडा २ को जम्मा			**२३००४१**			**२३००४**
३	**गिरिराज पौडेल**	भाद्र	१७७६०	१७७६०	६/११/२०७५	१०	१७७६
		असोज	३११००	३११००	९/१६/२०७५	७५	३११०
		कार्तिक	३६३४०	३६३४०	९/१६/२०७५	४५	३६३४
		मंसिर	२१९५०	२१९५०	९/१६/२०७५	१५	२१९५
		पौष	१६९१०	१६९१०	१२/१३/२०७५	७२	१६९१
		माघ	१७०९०	१७०९०	१२/१३/२०७५	४२	१७०९
		फागुन	१५९००	१५९००	१२/१३/२०७५	१२	१५९०
		चैत्र	२८११०	२८११०	१/१६/२०७६	१५	२८११
		बैशाख	३३८८७	३३८८७	३/१८/२०७६	४९	३३८८.७
		जेष्ठ	६७६५०	६७६५०	३/१८/२०७६	१७	६७६५
	वडा ३ को जम्मा			**२८६६९७**			**२८६७०**
४	**श्री अम्मर बहादुर रायमाझी**	श्रावण	२१९२५	२१९२५	४/२६/२०७६	३५८	२१९२.५
		भाद्र	२८८३०	२८८३०	४/२६/२०७६	३२६	२८८३
		असोज	२०८२०	२०८२०	४/२६/२०७६	२९५	२०८२
		कार्तिक	४६७९५	४६७९५	४/२६/२०७६	२६५	४६७९.५
		मंसिर	४५७९०	४५७९०	४/२६/२०७६	२३५	४५७९
		पौष	१५९८५	१५९८५	४/२६/२०७६	२०५	१५९८.५
		माघ	२८७८०	२८७८०	४/२६/२०७६	१७५	२८७८
	श्री रविन्द्र रायमाझी	फागुन	२८१३५	२८१३५	४/२६/२०७६	१४५	२८१३.५
		चैत्र	५२८८१	५२८८१	४/२६/२०७६	११५	५२८८.१
		बैशाख	४०६१०	४०६१०	४/२६/२०७६	८५	४०६१
		जेष्ठ	८७६१०	२७५२८	४/२६/२०७६	५४	२७५२.८
				६००८२	६/१७/२०७६	१०९	६००८.२
		आषाढ	८००५३	५९९१८	६/१७/२०७६	७८	५९९१.८
				२०१३५	७/४/२०७६	९६	२०१३.५
	वडा ४ को जम्मा			**४९८२१४**			**४९८२१**
५	**श्री लक्ष्मण भट्टराई**	श्रावण	९१४४	९१४४	५/७/२०७५	६	९१४.४
		असोज	१३२९४	१३२९४	७/१२/२०७५	११	१३२९.४
		कार्तिक	१८९४८	१८९४८	८/२०/२०७५	१९	१८९४.८
		मंसिर	१९६२४	१९६२४	९/१९/२०७५	१८	१९६२.४
		पौष	१३०२४	१३०२४	१०/११/२०७५	१०	१३०२.४
		माघ	१७४६६	१७४६६	११/६/२०७५	५	१७४६.६
		फागुन	१४५५४	१४५५४	१२/१८/२०७५	१७	१४५५.४
		चैत्र	२१९५३	२१९५३	१/१०/२०७६	९	२१९५.३
		बैशाख	३०५४८	३०५४८	२/२७/२०७६	२६	३०५४.८
		जेष्ठ	३८५३६	३८५३६	३/२०/२०७६	१९	३८५३.६

		आषाढ	२१८२७	२१८२७	४/९/२०७६	८	२१८२.७
	वडा			२१८९१८			२१८९२
६	श्री हुम बहादुर कुँवर	श्रावण	१४००	१४००	१०/२५/२०७५	१७५	१४०
		भाद्र	९००	९००	१०/२५/२०७५	१४४	९०
		असोज	३२५०	३२५०	१०/२५/२०७५	११३	३२५
		कार्तिक	७४९०	७४९०	१०/२५/२०७५	८३	७४९
		मंसिर	७५००	७५००	१०/२५/२०७५	५३	७५०
		पौष	४९४०	४९४०	१०/२५/२०७५	२४	४९४
		माघ	२६५०	२६५०	१/१२/२०७६	७१	२६५
		फागुन	५०५१	५०५१	१/१२/२०७६	४१	५०५.१
		चैत्र	५५५०	५५५०	१/१२/२०७६	११	५५५
		बैशाख	२९५००	२९५००	३/८/२०७६	३९	२९५०
		जेष्ठ	२४५६५	२४५६५	३/८/२०७६	७	२४५६.५
		आषाढ	१३५००	१३५००	२०७६/४/३१	३०	१३५०
				१०६२९६			१०६३०
७	श्री हुम बहादुर कुँवर	श्रावण	२२५०	२२५०	१०/२५/२०७५	१७६	२२५
		भाद्र	४८५१	४८५१	१०/२५/२०७५	१४५	४८५.१
		असोज	३८३८	३८३८	१०/२५/२०७५	११४	३८३.८
		कार्तिक	५३५०	५३५०	१०/२५/२०७५	८४	५३५
		मंसिर	१३४००	१३४००	१०/२५/२०७५	५४	१३४०
		पौष	८८४७	८८४७	१०/२५/२०७५	२४	८८४.७
		माघ	११६७०	११६७०	१/१२/२०७६	७१	११६७
		फागुन	८६२५	८६२५	१/१२/२०७६	४१	८६२.५
		चैत्र	२०५८	२०५८	१/१२/२०७६	११	२०५.८
		बैशाख	३८०९७	३८०९७	२/८/२०७६	७	३८०९.७
		जेष्ठ	२३९६५	२३९६५	३/८/२०७६	७	२३९६.५
		आषाढ	११०९७	११०९७	२०७६/४/३१	३०	११०९.७
	वडा ७ को जम्मा			१३४०४८			१३४०५
८	कृष्ण प्रसाद श्रेष्ठ	श्रावण	१५२६४	१५२६४	६/१९/२०७५	४९	१५२६.४
		भाद्र	५६९५	५६९५	६/१९/२०७५	२८	५६९.५
		असोज	५८९५	५८९५	७/१४/२०७५	१३	५८९.५
		कार्तिक	१६८८८	१६८८८	८/२५/२०७५	२४	१६८८.८
		मंसिर	९३१४	९३१४	९/२५/२०७५	२४	९३१.४
		पौष	९६१२	९६१२	१०/७/२०७५	६	९६१.२
		माघ	९३४९	९३४९	११/७/२०७५	६	९३४.९
		फागुन	६८५५	६८५५	१२/१८/२०७५	१७	६८५.५
		चैत्र	१०१४६	१०१४६	१/५/२०७६	४	१०१४.६
		बैशाख	७५०१	७५०१	३/२/२०७६	३३	७५०.१

		आषाढ	३९५३९	३९५३९	४/७/२०७६	६	३९५३.९
	वडा ८ को जम्मा			**१३६०५८**			**१३६०६**
गा. पा	**खरिदार कृष्ण प्रसाद श्रेष्ठ**	श्रावण	२०००	२०००	५/१७/२०७५	१६	२००
		भाद्र	४११००	४११००	६/२५/२०७५	२४	४११०
		असोज	५२४५०	५२४५०	७/३०/२०७५	२९	५२४५
		कार्तिक	२०५००	२०५००	८/१२/२०७५	११	२०५०
		मंसिर	३७८००	३७८००	९/९/२०७५	८	३७८०
		पौष	१०३००	१०३००	९/९/२०७५	०	१०३०
	ले .पा. विष्णु भुसाल	माघ	३५८६०	३५८६०	११/७/२०७५	६	३५८६
		फागुन	१५०००	१५०००	१२/१२/२०७५	११	१५००
		चैत्र	३४७००	३४७००	१/११/२०७६	१०	३४७०
		बैशाख	७४४००	७४४००	२/१६/२०७६	१५	७४४०
		आषाढ	८६००	८६००	३/३१/२०७६	३०	८६०
	वडा ९ को जम्मा			**३३२७१०**			**३३२७१**
	जम्मा			**२०४५६१४**			**२०४५६१/-**

७.७ **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ। कार्यालयले यो वर्ष वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु. १५ लाख तथा एकिकृत सम्पत्तीकर रु. १० लाख समेत रु. २५ लाख अनुमान भएकोमा यथार्थ आय रु. ११ लाख २२ हजार २६२ संकलन गरेको विवरण पेश गरेको छ। उक्त आयको वडागत अभिलेख राखेको देखिएन। अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ।

७.८ **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु. ५४ हजार १९० असुल गरेको भएता पनि व्यवसाय कर संकलन गरेको नदेखिएको तथा संकलनको अभिलेख राखेको देखिएन । कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ।

७.९ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अतः सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउन ध्यान दिनु जरुरी छ।

७.१० **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले यस शीर्षकमा कर संकलन गरेको देखिएन। तर कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अनुमान गरेको देखिएन । अतः मनोरञ्जन करको अनुमान गरी मनोरञ्जन कर असुल गर्नुपर्दछ।

७.११ **आम्दानी रसिदः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम (९) अनुसार करदाता वा सेवाग्राहीवाट प्राप्तहुने राजश्व दाखिला जम्मा गर्नु कार्यालयले नगद संकलन गरी बैकमा दाखिला गरेको बैंक भौचर समेतको सम्बन्धीत खातामा प्रविष्टी गरी श्रेस्ता राख्नुपर्ने, नगद राजश्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्टी गर्नु पर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य

रुपमा आम्दानी रसिद काटी सम्बन्धीत खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । तर यस कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद नकाटी दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ ।

७.१२ **प्रारम्भिक वातावरणीय अध्ययन :** कार्यालयले ढुंगा,गिट्टी र बाल्वा आदि खनिज जन्य पदार्थ उत्खननका लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ । कार्यालयले गाउँपालिकाक्षेत्रमा पर्ने देहायका नदीबाट खनिज तथा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ । तर प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी दैनिक तथा बार्षिक उत्खननु गर्ने कार्य नियन्त्रणका लागी कुन कुन स्थानबाट के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरियो भन्ने परिमाण र मिति देखिने अभिलेख राख्ने गरेको देखिएन यसबाट वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन् गर्ने कार्य नियन्त्रण हुन सक्दैन । अत : प्रतिवेदनमा उल्लेखित अनुमानित परिमाणमा कति निकालियो र कति निकाल्न बाँकी छ भन्ने अभिलेख अधावधिक गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ ।

८. **सार्वजनिक खरिद व्यवस्थापन:** यसमा देहायका व्यहोराहरु देखिएका छन् -

८.१ **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/गाउँपालिकाकार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले SUTRA प्रणालि प्रयोग गरेको छ । तर प्रणालीले गतवर्षको पेश्की फछ्र्यौट सम्बन्धि खर्चलाई नसमेटेकोले सुधार तथा अपग्रेड गरि कार्यान्वयन गरिनु जरुरी देखिन्छ ।

८.२ **बोलपत्र सहभागिता र लागत कवोल अंक तुलना :-** कार्यालयद्वारा गराइने खरिद तथा निर्माण कार्य प्रतिस्पर्धात्मक रुपमा मितव्ययी तवरले गरिएको हुनुपर्दछ । कार्यालयले पेश गरेको बिवरण अनुसार बोलपत्र बिक्री, दर्ता, लागत सम्झौता अनुपात बिश्लेषण गर्दा देहाय अनुसार खरिद गरेको देखियो ।

कार्यक्रम बिवरण	ठेक्का नं.	बोलपत्र बिक्री संख्या	बोलपत्र दर्ता संख्या	लागत अनुमान	सम्झौता अंक	लागत सम्झौता घटि अनुपात
मोटरसाइकल खरिद	३	३	३	१००००००	९५९६००	४.०४%
औषधि खरिद	४	७	३	१३४९९९०	१३२१०१४	२.१५%
जस्तापाता खरिद	५	६	५	४७४८५९६	४४६३६८०	६%
भालुखान कुसुनेचौर वाड भवन सडक	६	१६	७	३९९९८९९	२८३९९०१	२९%
विद्युत सामग्री खरिद	७	२	२	७४७३२५०	७२४६५८२	३%
सौर्य सडक बत्ति	९	९	७	४७१९७८४	४६१०५८०	२.३१%
जस्तापाता खरिद	१०	३	३	९५९२४९२	९५३७५११	०.५७%
खुर्सानेे घुसुरेढुङगा मोटरवाटो	११	४	३	९९९६५९	९७९५३८	२.०१%
झो पु निर्माण सामग्री खरिद	१२	६	३	८६८८२३	८६३६०४	०.९%
सभाहल निर्माण	१३	६	१	६२६३७८९	६२३१३१२	०.५२%
कटौजेपानी खेल मैदान निर्माण	१४	८	१	६१३०५०३	६१३०१६२	०.०१%
भालुखान कुसुनेचौर मो वा	१५	१५	७	११२०९९३	१११६०२४	०.४४%

८.३ **ठेक्का बन्दोबस्त :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३)मा लागत अनुमान बनाउने,बोलपत्र आव्हान गरि स्वीकृत गर्ने, अन्य निकायसंग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार गर्ने,ठेक्का पट्टा स्वीकृत गर्ने समेतका कार्यहरु प्रथम चामासिक अवधिमा गरि सक्नु पर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार ढिलो गरि चौमासिक अवधिमा ठेक्का बन्दोबस्त गरेको देखियो । अत: नियमावलीमा तोकिए अनुसारको अवधिमा ठेक्का बन्दोबस्त गरि ठेक्का स्वीकृत समेतका कार्यहरु गरिनु पर्दछ ।

खरिद कार्यक्रम	जम्मा रकम रु हजारमा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ माहिना	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
जस्ता खरिद	२	१४००१			१	४४६४	१	९५३७		

सडक ढलान	२	३९५६			१	२८४०	१	१११६		
विद्युत पोल खरीद	१	७२४७			१	७२४७	०			
सौर्य सडक	१	४६११					१	४६११		
सभाहल निर्माण	१	६२३१					१	६२३१		
कटैजेपानी खेल मौदान	१	६१३०					१	६१३०		
औषधि खरीद	१	१३२१	१	१३२१						
खुर्सानि घुसुरेढुगां ो.बा.	१	९८०			१	९८०				
फो.पु सामाग्रि खरीद	१	८६४			१	८६४				
मिनि टिलर खरीद	१	६६५					१	६६५		
जम्मा	**१२**	**४६००६**	**१**	**१३२१**	**५**	**१६३९५**	**६**	**१७६३७**		

८.५ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (Detective Labalites)को अवधि भन्दा कम्तिमा १ महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयको देहाय अनुसार भएको निर्माण कार्यको कार्यसम्पादन जमानत घटि रहेको देखियो । अतः निर्माण कार्यहरु गराउँदा नियमावलीमा निर्धारण गरिएको अवधि सम्मको कार्यसम्पादन जमानत राख्ने व्यवस्था गरिनु पर्दछ ।

ठे नं.	निर्माण कार्य	निर्माण व्यवसायी	लागत अनुमान	कबोल अंक	सम्पन्न गर्नुपर्ने	जमानत हुनुपर्ने	जमानत भएको
५	CGI sheet खरीद	सन्त सप्लायर	४७४८५९६	४४६३६८०	२०७५/११/४	२०७७/०२/१९	२०७६/११/११
९	शौर्य बत्ति जडान	सम्बृद्ध नेपाल ईनर्जि	४७१९७८४	२७२०२४२	२०७६/०२/२५	२०७७/०४/२२	२०७६/०१/२०
१०	CGI sheet खरीद	हुलास स्टिल ईन्डष्ट्रीज	९५५२४९१	८५३७५११	२०७६/०१/२९	२०७७/०२/२४	२०७७/०१/३१
१३	सभाहल भवन निर्माण	सन्त कन्सट्रक्सन	६२६३७८८	६२३१३१२	२०७६/०३/१८	२०७७/०४/१७	२०७७/०२/१७

८.६ **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली २०५६ को नियम घट(घ) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था ५ । गा.पा.ले यस बर्ष देहायका ब्यक्ति,फर्म सप्लायर्सबाट देहायबमोजिमका सामाग्रिहरु खरीद गरेकोमा सम्बन्धित ब्यक्तिले बुझेको भरपाई पेश नभएकोले बुझेको भरपाई पेश हुनुपर्ने रु. ९८९९८४६/-

गो.भ.न.र मिति	**ब्योहोरा**	**सप्लायर्सको नाम**	**थान**	**रकम**
५४४□०७६/३/३०	CGI sheet	हुलास स्टिल इन्डष्ट्रिज प्रा.लि	१११६ बण्डल	८५३७५११
५२३□०७६□३□२७	HDPE pipe	देव प्लास्टिक इण्डिस्ट्रिज	१७९६२ Rm	१३६२३३५
			जम्मा	९८९९८४६/-

९. **उपभोक्ता समिति :** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

९.१ **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षण:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्बजनिकिकरण फारम तयार गरेतापनि फाराममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ ।

९.२ **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्वारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिद्वारा निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेवारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन । अतः सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही

समुदायलाई योजनाको उपभोग, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरता हुनेगरी हस्तान्तरण गर्ने गरिनु पर्दछ ।

९.३ **उपभोक्तालाई बढि भुक्तानी :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभेक्त समिति वा लाभ ग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने सो रकममा मुल्य अभिबृधिकर, ओभर हेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत कटाई उपभोक्ता समितिलाई दिने व्यवस्था गरेको छ । कार्यालयले उपभोक्ता समितिसंगको सम्झौता अनुसार उपभोक्ता समितिद्धारा कार्य गराएकोमा देहाय अनुसार बढि भुत्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु. **१७९८९६/-**

गो.भौ.नं. र मिति	ब्यहोरा	उपभोत्ता समितिको नाम	ल.ई.	विनियोजन	कार्यसम्पन्न	कन्टीजेन्सी पश्चात दिनुपर्ने	कट्टि गरी दिएको	बढि भुक्तानी
२०६□०७५/१२/२२	तटबन्धन तथा बाध निर्माण	भोर्लेखोला जामुनेघाट काठेपुलको तटबन्धन नि.उ.स.७	२२६९२९	२०००००	२१९६१६	१२१०२४	१२७४७०	६४४६
४२७□०७६□३□९	पुजा मन्दिर निर्माण	दशै पुजा मन्दीर मुभुगं उ.स ५	१६१३३८	१५००००	१४८३१८	७८७५३	९०८६०	११२४७
४२७□०७६□३□१९	खानेपानी योजना निर्माण	रिपटोला साउनेपानि उ.स.४	७६६३७	५००००	६६६३७	३९४३४	४५९५९	६५२५
४२३□०७६□३□९	कुलो मर्मत	ठुलोकुलो मर्मतउ.स.२	१२१६१५	१०००००	१०६३५६	७९०२५	९१५७२	१२५४७
४१७□०७६□०३□३	मोटरबाटो निर्माण	छचुवा स्कुल धरौनि मो.बा.उ.स.	११५९९५	१०००००	१०४९७४	८३९०७	९३४०८	९५०१
४१२□०७६□०३□०३	भलिवल ग्राउण्ड तारजाली	रैनादेवी युवा क्लव उ.स.१	१४००३३	१२५०००	१३१२०७	१०७५०७	११५३८६	७८७९
४१०□०७६□३□३	मोटर बाटो निर्माण	मनभाग देउलीपोखरी उ.स.	५३३९०२	५०००००	५१८३३३	४५३०७८	४६१६५८	८५८०
४२८□०७६□३□१९	खानेपानी निर्मार्ण	दिप काफलबुट्टाखा.पाउ.स	११६०६७	१०००००	१०३५७२	८०९१७	९०४८२	९५६५
४६६□०७६□३□२२	ट्रस निर्माण	सत्यवती मा.वि. ८	२२५०००	२०००००	१९४८७१	१५५५७८	१६८५२९	१२९५१
४८५□०७६□३□२३	टिन लगाएको	वडा भवन टिन परिर्वतन उ.स. ७	२८७६८४	२७००००	२२२०९०	१११५४६	१७३१०८	६१५६२
४९१□०७६□३□२६	खानेपानि संरचना निर्माण	बाशखर्क धारा निर्माण तथा मर्मत	२१८१७८	२०००००	२०९२३२	१७५८५४	१८४०५५	८२००
५१४□०७६□३□२७	सामुदायिक स्वास्थ्य ईकाई	सामुदायिक स्वास्थ्य ईकाई सर्देवा २	२१८७८४	२०००००	२१०१२१	१७८७१६	१८६३३८	७९२२
५०७□०७६□३□२७	खानेपानी सस्थान	तिल्केरी मगरान लिप्ट खा.पा.उ.स १	५३७४५०	५०००००	५२७८०५	३०८६६१	३१७६३४	८९७३
५३२□०७६□३□२९	ढलान कार्य	छहरा बजार क्षेत्र ढलान कार्य उ.स.४	३७५३१८	३०००००	२२७६९१	१५७५७३	१४९५७५	७९९८
जम्मा								**१७९८९६**

९.४ **मेशिनरी प्रयोग :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर, डोजर,ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरिने उल्लेख छ । तर कार्यालयको २०७५ चैत्र र आषाढ महिनाको श्रेस्ता परिक्षणमा देहाय अनुसार उपभोक्ता समितिले सम्झौता गरेको काममा एक्साभेटर प्रयोग गरेकोमा नियमावली अनुसार सिफारिस तथा स्वीकृत समेत लिएको देखिएन । यसका केहि उदाहरण देहाय अनुसार छन् ।

भौ.नं र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी	पार्टिको नाम	भुत्तानी

५८०-३/३१	भुवनपोखरी छचुवा घुम्टी मो.बा.उ.स.	९५००००	ग्लोवल निर्माण सेवा प्रा.लि.	९७५५५६
६२७-३/३१	दमार खोला सेल्भुका चिलाउने पानी बाटो	९५०००	भैरवनाथ कन्सट्रक्सन प्रा.लि. रुपन्देही	१०४०५५
६४७-३/३१	अम्लमबास पेलावास तालपोखरा मो.बा.	२८५०००		२५५६५४
८७/०७५/९/२९	काफल बुट्टा अमिले बेतेनी मो.बा.	७०००००	अधिकारी निर्माण सेवा	७११६७६
१८१/०७५/१२/१०	धजाबान्ने पेलाबास अमिले मो.बा	१००००००	ग्लोवल निर्माण सेवा प्रा.लि.	१०५३६७८
५०३/०७६/३/२७	जोगवानी मा.वि. टवाइलेट निर्माण उ.स	९५०००	.ग्लोवल निर्माण सेवा प्रा.लि पाल्पा	१०५७६२
५०६/०७६/३/२७	अमिले विर्ताघाट फर्साटाकुरा मो.बा.	५३४८५०		५९२२३८
२५७/०७६/३/३०	गुहारठाना मा.वि.मो.बा.नि.उ.स.	२०५२००	अधिकारी निर्माण सेवा	२२९८१४
	जम्मा			**४०२८४३३/-**

९.५ **वढि भुक्तानी :** गो भौ नं ४१०/०७६/३/३ बाट आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने ब्यवस्था छ । गाउपालिकाले मनभाग देउलेपोखरा वडा भवन मोटर बाटो निर्माणको लागी मनभग देउलेपोखरा वडा भवन मोटर बाटो निर्माण उपभोक्ता समिति १ सो कार्य गरेबापत कन्टिजेन्सी कटी रू.४४३७०९।- भुक्तानी दिनुपर्नेमा रू५११०६०। भुक्तानी दिएकोले वढी भुक्तानी दिएको असुल हुनुपर्ने रू. ६७३५१/-

९.६ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) (क) मा उपभोक्ता समितिसंगको सम्झौतामा निर्माण कार्य वा सेवाको प्रकृति ,परिमाण लागत अनुमान उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्न पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुंपर्ने अवधि उल्लेख गर्नुंपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका उ.स.हरुसंग काम गराईएकोमा सम्झौता तोकिएको समय भित्र काम नगरे पनि म्याद थपिएको छैन । अतः समयमै काम सम्पन्न गर्ने गरी उपभोक्ता समितिहरु संग सम्झौता गरिनुपर्छ ।

गो.भौ.नं मिति	व्यहोरा	उपभोत्ता समितिको नाम	लागत अनुमान	विनियोजित रु	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	सम्पन्न मिति
८७/०७५/०९/२९	मो.बा.निर्माण	काफलबुटा अमिले बेतेनि मो.बा. उ.स	७४१४९३	७०००००	०७५/०७/१५	०७५/०८/३०	०७५/०९/३०
४१०/०७६/०३/०३	मो.बा. निर्माण	मनबाग देउलि पोखरा वडा भवन मो.बा.	५३३९०२	५०००००	०७५/११/०६	०७६/०१/२७	०७६/०३/०५
४९१/०७६/३/२६	खानेपानी संरचना निर्माण	बसखर्क धारा निर्माण तथा मर्मत	२१८१७८	२०००००	०७६/०१/२४	०७६/०२/३०	०७६/०३/१७
४९६/०७६/३/२६	मो. बा. निर्माण	बजादी केवरे सर्देवा मो.बा	८४६५२३	८०००००	०७५/११/०५	०७५/१२/२८	०७६/०३/१७
५०७/०७६/०३/२७	लिफ्ट खा.पा निर्माण	तिलकेरी मग्रान लिफ्ट खा.पा उ.स. १	५३७४५०	५०००००	०७५/१०/११	०७५/११/२८	०७६/०३/२१
५६५/०७६/०३/३०	फर्निचरतथा तारबार योजना	महाकाली मा.वि. फर्निचर उ.स.४	३१७८८०	३०००००	०७६/०१/३१	०७६/०२/१५	०७६/०३/२५
५५९/०७६/०३/३०	कुलेकुलो मर्मत	काउले कुलो मर्मत	१११५९४	१०००००	०७६/१/१७	०७६/०२/१७	०७६/०३/२८

९.७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको विल भपाई सहितको राख्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले सभा हल निर्माण गर्न सन्त कन्स्ट्सन मकवापुरलाई 1st running bil बापतको रु३७,०४,४२० भुक्तानी गरेकोमा आइटम नं.१ क्ो १.१ को कार्य Insurance of works equipment, contractors workmen and employee and third party insurance againast damage to other persons and property को premier insurance co.Ltd (NEPAL) मा गरेकोमा विमाको premium शुल्क भ्याट सहित रु ९०००० रहेकोमा (contractors n] 1st Running bill मा समेत सो आइटम मा भ्याट लगाई रु ३७०४४२० भुक्तानी दिएकोमा उक्त भुक्तानी रकम insurance को विल रु ९००००। घटाई बाँकी रहेको रु. ३१८८२४७ को १३ प्रतिशत भ्याट सहित रु. ३६०२७१९।११ मा इन्सुरेन्सको प्रिमियम शुल्क ९००००। जोडी रु ३६९२७१९।११ भुक्तानी दिनुपर्नेमा रु. ३७,०४,४२० भुक्तानी दिएकोमा असुल हुनुपर्ने रु. ११७००/-

९.८ **नर्म्स भन्दा बढी भुक्तानी : गो भौ नं** १७४/०७५/११/३०**बाट** उपभोक्तालाई निर्माणको लागि भुक्तानी गर्दा स्वीकृत नर्म्स अनसुार तयार गरेको लागत अनुमान तथा सम्झौता अनुसार भुक्तानी दिनुपर्दछ । तर कार्यालयले लागत अनुमान तयार गर्दा नरम माटो काटने काम लागत दर रु ४८।६३ का दरले तयार

	गर्नपर्नेमा ७२।१३ का दरले तयार गरी देहाय अनुसार बढी दरमा लागत तयार गरेकोले देउराली राधा कृष्ण मो.बा. उ.स.लाई सप्ट सोयल कार्यको बढी रकम भुक्तानी असुल गर्नुपर्ने रु.	४९६६/-
९.९	**उपभोक्ता लाभग्राही समुदायको घटी योगदान** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ अनुसार उपभोक्ता समितिसंगको सम्झौतामा तोकिए अनुसार जनश्रमदान हुनु पर्नेमा घटि योगदान गरको देखिएको रु	१५३५४/-

गो. भौ.नं. मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	विनियोजित रकम	खुद रकम	जनश्रमदान हुनुपर्ने	जनश्रमदान भएको	घटी श्रमदान
७०/०७५/०९/०६	रिडी खोला अर्चले लिफ्ट खा.पा सिँचाइ उ.स.	५२८४१६	५०००००	५११२८३	५१६४०	३६२८६	१५३५४

१०	**कन्टिन्जेन्सी खर्च :** गाउँपालिकाले कन्टिन्जेन्सी रकमको छुट्टै खाता राखी कार्यविधि तयार गरेर सोहि अनुसार खर्च गर्ने गर्नुपर्दछ । तर कार्यालयले अलग्गै कन्टिन्जेन्सी खाता नराखि दायित्व देखाई बैक नगदीको विविध महलमा राखि यो वर्षको आम्दानी रु. १८६९३८६।- र खर्च रु.१३८६८६०।- गरेको देखियो । तर कार्यालयले खर्च गर्दा कार्यविधि बनाएको छैन । अतः कन्टिन्जेन्सीबाट खर्च गर्दा छुटै कन्टिन्जेन्सी खाता राखि कार्यविधि बनाएर मात्र खर्च गर्ने गरिनु पर्दछ ।	
११	**पन्जिकरण तथा सामाजिक सुरक्षा खर्चः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
११.१	**लाभग्राही परिचयपत्र अभिलेख :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थपन सुचना प्रणाली (एम आइ एस) मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइ सक्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले निर्देशिका अनुसार मुल अभिलेख, परिचयपत्र तथा एम.आइ.एस प्रविष्टी गरेको छैन । अत : निर्देशिका अनुसारको कार्य गरिनु पर्दछ ।	
११.२	**भत्ता निकासा तथा वितरण :** कार्यविधिको दफा १५ (७) र १६ अनुसार स्थानीय तहले वडा कार्यालयलाइ व्यवस्थापन सुचना प्रणाली (एम आइ एस) को आधारमा पेश्की दिनु पर्ने र प्रथम चौमासिक असोज १ देखि दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघ १ देखि दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेठ १ देखि दोश्रो हप्ता भित्र बैंक खाताबाट वितरण गरिसक्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले एम आइ एस तयार गरेको छैन र भत्ता रकम बैंकिङ्ग प्रणाली मार्फत वितरण नगरी नगदै वितरण गरेको छ ।	
११.३	**नगद वितरण :** कार्यविधिको दफा २२ मा कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयको स्वीकृती विना हातहातै नगद वितरण गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ । तर कार्यलयले मन्त्रालयको स्वीकृती बेगर नै वडा कार्यालयहरु मार्फत नगदै वितरण गर्ने गरेको छ । अतः कार्यविधि अनुसार नगदै वितरण गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ ।	
११.४	**भत्ता विरणको अनुगमन :** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक वस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने, बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
११.५	**पारदर्शिता :** कार्यविधिको दफा ३५ मा प्रत्यक वडा समितिले प्रत्यक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गरि प्राप्त गुनासा र सुझाबहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझावहरु तथा गुनासाहरु सम्बोधनका लागि स्थानिय तह कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । तर वडा समितिहरुले त्यस अनुरुप सार्वजनिक सुनुवाइ गर्ने तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी वेभ साइटमा राख्ने गरेको देखिएन । अत : उल्लेखित सार्वजनिक सुनुवाइ तथा वेभ साइटमा राख्ने गरि पारदर्शिता कायम गरिनु जरुरी देखिन्छ ।	
११.६	**लेखापरिक्षणः-** कार्यालयले सामाजिक सुरक्षा स्वरुप भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई तोकिए बमोजिम भत्ता भुक्तानी गर्नुपर्दछ । गाउँपालिका ८ वटा वडा कार्यालयहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको मध्ये सब भन्दा धेरै पहिलो स्थानमा रहेको वडा नं. ४ र पांचौ नम्बरमा रहेको वडा नं. ६ को सामाजिक सुरक्षा भत्ता वितरणको फांटबारी तथा भरपाई परिक्षण गरी गाउँपालिकाको अन्य वडाहरुमा समेत बढि भुक्तानी गरेको हुनसक्ने भएकोले सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाइहरु गाउँपालिका स्वंयले यकिन गर्ने गरी लेखापरीक्षण सम्पन्न गरीएको छ ।	
११.७	**दोहोरो सरकारी सुविधा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ दफा ९ (२) अनुसार नेपाल सरकारबाट दिईने सुविधा दोहोरो नपर्ने गरी दिने व्यवस्था छ । तर गा.पा ४ का वडा सदस्य श्री जंगबहादुर	

	के.सी लाई आ.व २०७५।०७६ पहिलो र दोश्रो चौमासिकमा गरी रु. १६००० भुक्तानी गरेको देखियो । तर निजलाई प्रदेश नं. ५ को संसदले बनाएको स्थानिय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन अनुसार मासिक ७०००।- का दरले भुक्तानी गरेकोले निजलाई दोहोरो सरकारी सुविधा दिएको देखियो । उक्त वडाको सामाजिक सुरक्षा भत्ता वितरणकोलागि वडा सचिवलाई दिएको तेश्रो चौमासिक पेश्की फछ्यौट नगरेकोमा निजलाई तेश्रो चौमासिक समेत रु ८०००।- भुक्तानी दिएको हुन सक्ने भएकोले यकिन गरी असुल गरिनुपर्छ साथै पहिलो र दोश्रा चौमासिकमा दिएको दोहोरो सुविधाको सामाजिक सुरक्षा भत्ता रु ८००० र औषधि उपचार खर्च भत्ता रु ८००० समेत १६००० मध्ये लेखापरिक्षणको समयमा रु ८००० दाखिला गरेकोले बाँकी असुल गर्नपर्ने रु.	**८,०००/-**
११.८	**दोहोरो सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाउन योग्य सेवा ग्राहीलाई दोहोरो नपर्ने गरि भत्ता दिनुपर्छ कार्यालयले वडा नं. ४ अम्लवासकी श्री शिव कुमारी पौडेललाइ भरपाई सि.नं. १२ बाट एकल महिलालाई भत्ता रु १०००।- र उपचार खर्च रु. १०००।- गरी मासिक रु. २०००।- तथा सि.नं. २३७ बाट जेष्ठ नागरिक भत्ता रु १०००।- र उपचार खर्च रु.१०००।- गरी मासिक रु.२०००।- भुक्तानी दिएकोले रु.२०००।- ले प्रथम चौमासिक र दोश्रो चौमासिक गरी रु. १६०००।- दोहोरो भत्ता भुक्तानी दिएको छ । तेश्रो चौमासिक पेश्की फछ्यौट नगरेकोमा निजलाई तेश्रो चौमासिक समेत रु. ८०००।- भुक्तानी दिएको हुन सक्ने भएकोले यकिन गरी असुल गरिनुपर्छ । साथै प्रथम र दोश्रो चौमासिकमा दिएको दोहोरो सुविधाको सामाजिक सुरक्षा भत्ता रु **१६०००/-**दाखिला गरेको छ ।.	
११.९	**उमेर पुगेकालाई बाल पोषण भुक्तानी** : गो भौ न १२/२०७५/११/२८ बाट सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद १ दफा ३ (६) मा वालवालिका भन्नाले पाँच वर्ष उमेर ननाघेका वालवालिकालाई जनाउँदछ भन्ने व्यवस्था छ । तर वडा नं ६ ले वालपोषण भत्ता वितरण गर्दा प्रथम चौमासिकमा सि नं १२ सोनिया वि क को जन्ममिति भरपाइमा उल्लेख गरे बमोजिम वि सं २०७०।२।१० गते भएको देखिदा पाँच वर्षको उमेर पुरा भै सकेकोले भत्ता भुक्तानी दिएको असुल गर्नुपर्ने रु.	१६००
११.१०	**पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्च लेख्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका वडा सचिव तथा कार्यालय सहायकका लागि दिएको सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट गर्दा विल भरपाई भन्दा बढी फछ्र्यौट गरेको दखियो । अत विल भरपाई भन्दा बढी फछ्र्यौट गरेको रकम मध्ये रविन्द्र रायमाझीको रु १४४०० दाखिला गरेकोले बाँकी रकम देहाय अनुसार असुल गर्नुपर्ने रु.	२६०००/-

भौ.नं.र मिति	कर्मचारीको नाम	वडा नं	पेश्की फछ्र्यौट गरेको	विल भरपाइ भएको	दाखिला गर्नुपर्ने	दाखिला गरेको	घटी दाखिला
१२-०७५/११/२८	हुम बहादुर कुँवर	६	१८०८८००	१७३६०००	७२८००	६८८००	४०००
३८-०७६/३/३१	हुम बहादुर कुँवर	६	१८२७२००	१६७९२००	१४८३०००	१२६०००	२२०००
	जम्मा						**२६०००/-**

१२	**जनशक्ति व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन्:	
१२.१	**कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी, पदपूर्ति तथा रिक्त रहेको विवरण लेखापरिक्षणार्थ पेश गरेको छ । विवरण अनुसार स्वास्थ्य, कृषि, पशु समेतका १०९ जनाको दरबन्दी रहेकोमा संघीय सरकारबाट सरुवा ५७ जना साविक स्थानीय तहमा कार्यरत ३ जना, करारमा आन्तरिक पदपूर्ती २८ जना समेत ८८ जना पूर्ती भएको र २१ जना रिक्त रहेको देखियो । अतः कार्यालयमा रिक्त रहेका दरवन्दिहरु पदपूर्ति गरिनु पर्ने देखिन्छ ।	
१२.२	**तलबी प्रतिबेदन :** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले स्वास्थ्य, कृषि, पशु तथा गाउँपालिकाकार्यपालिका तर्फ कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । अतः तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
१३	**तलब भत्ता तथा थप सुविधा : यसमा देहायका सुविधाहरु रहेको छन ।**	
१३.१	**थप सुविधाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ अनुसार स्थानीय तहको कर्मचारीहरुको सेवा शर्त तथा सुविधा सम्वन्धि व्यवस्था संघिय कानुन वमोजिम हुने उल्लेख छ । तर कार्यालयले विभिन्न दर्जाका ३६ जना कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप देहाय अनुसार भत्ता रु.७,७८,२३५।- भुक्तानी गरेको	

	देखियो । यसप्रकारको खर्च नियन्त्रण गरिनुपर्दछ ।	
१३.२	**सेवा करार** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी , प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाई सम्बन्धि पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । कार्यालयले सेवा प्रवाहको लागि आवश्यक भएको उल्लेख गरि विभिन्न मितिमा सम्झौता गरी विभिन्न दर्जाका ५१ जना कर्मचारी नियुक्ती गरी तलव पोषाक तथा चाडपर्व खर्च समेतमा रु. १,१२,७६,४६०/- लेखेको देखियो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा निवेदनको आधारमा करार सेवामा लिने कार्य नियम सम्मत देखिएन । अत: नियमावलीमा उल्लेखित व्यवस्था अनुसार पदपूर्ति गरिनु पर्दछ ।	
१४	**पुजीगत खर्च:** यसमा निम्न व्यहोराहरु देखिएका छन् ।	
	वित्तिय समानीकरण पुँजिगत : यसमा निम्न व्यहोराहरु देखिएका छन्।	
१४.१	गो भौ नं ६३५-०७६/३/३१ बाट मु.अ.कर ऐन २०५२ तथा मु.अ.कर नियमावली २०५३ अनुसार विजक नम्वर सहितको कर विजक जारी गर्नुपर्नेमा जित कन्स्ट्रक्सन तानसेन पाल्पाले विजक नम्बर नभएको कर विजक रु ४९१५७३/- मध्ये रु ५६५५३/- मु अ कर भएको विजक जारी गरेकोले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मु अ कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने, अन्यथा अशुल हुनुपर्ने रु	५६५५३/-
१४.२	**आर्थिक सहायता :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानिय तहले आर्थिक सहायता दिन मिल्ने व्यवस्था रहेको छैन । तर कार्यालयले देहाय अनुसार आर्थिक सहायता दिएको देखियो । अत : ऐन अनुसार दिन मिल्ने नदेखिएको आर्थिक सहायता दिने कार्य नियन्त्रण गर्नुपर्ने साथै देहाय अनुसारको खर्च ऐन अनुसार भएको नदेखिएको रु.	५८०००/-

गो भौ नं र मिति	ठाउँ	नाम	रकम
६८३-०७६/३/३१		जगत बहादुर आले	१५०००/-
	काफलबुटा	मोहन वीर खत्री	१२०००/-
	म्यालढाप	प्रेम ब घर्ती	६०००/-
	म्यालढाप	धन ब खड्का	६०००/-
	दागिल	सृष्टि खत्री	९०००/-
	मगाल	वलाराम उपाध्याय	१००००/-
जम्मा			५८०००/-

१४.३	**समानुपातिक बढी भुक्तानी :** उपभोक्ता समितिले लागत अनुमान भन्दा घटी काम गरेको समानुपातिक हिसावले घटी रकम भुक्तानी दिनु पर्नेमा निम्नानुसार उपभोक्ताहरुले संझौता तथा लागत अनुमान भन्दा बढी काम गरेकोले सोही अनुपातमा घटी रकम भुक्तानी दिनु पर्नेमा निम्नानससार वढी भुक्तानी दिएकोले असुल हुनुपर्ने रु.	११६८८८/-

गो.भौ.नं र मिति	उपभोक्ताको नाम	लागत अनुमान	कार्यसम्पन्न रकम	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी
६४६-३/३१	पेलावास फोक्केआँप टाटिम मो.वा	५३०४७१/१०	३९५३८७/-	३५८१५०/-	३५३८४२/-	४३०८
६५१-३/३१	गापा स्तरीय बसपार्क निर्माण उ.	२११५१८/-	२०८१९७/-	१९००००/-	१८६८५०/-	३१५०
६५३-३/३१	छहरादह आफेचौर मो वा ग्रावेल	५३०५०५/-	१८३६३६/-	१६६२५०/-	१६४३२६/-	१९२४
६५६-३/३१	बर्थिङ सेन्टर निर्माण तथा सामाग्रि संरक्षण कार्यक्रम वडा नं ३ उ.	५३०१४४/-	४३९७५५/-	३९८०५०/-	३९३७८३/-	४२६७
६५७-३/३१	चोरवोट खा.पा विद्युत लाइन विस्तार उ. स.	६६६३५/-	६०९८५/-	५००००/-	४५७४७/-	४२४३
६६२-३/३१	रैनादेवी मन्दिर कम्पाउन्ड निर्माण	३२२८६३/-	३०००००/-	१६१५००/-	१५७५६५/-	३९३५
६७०-३/३१	गाउँपालिका स्तरीय पार्क निर्माण	४२३०३०१/-	४००००००/-	२८९९४००/-	२८७१०१४/-	२८३८६
६०४-३/३१	भट्टे लिफ्ट खा.पा. उ. स. ७	१६०८२३६/-	१५८४६५६/-	१४२५०००/-	१४०३००८/-	२१९९२
६०५-३/३१	मुझुङ महिला भवन निर्माण उ स	५२१५१०/-	५०७७६१/-	४५६०००/-	४४३३४३/-	१२६५७
६०६-३/३१	सुन्दरेढुङगा घुसुरेढुङगा मो.वा .उ	१५९३११५/-	१५८१३००/-	१४२५०००/-	१४२०२७७/-	४७२३
६१३-३/३१	घुसुरेढुङगा हात्तिगौडा मो.वा.उ.स	१५९५२०८/-	१५५४८२१/-	१४०९८००/-	१३९६५०५/-	१३२९५

	६१९-३/३१	वडा नं १ को वडा कार्यालय ट्रस्ट निर्माण उ. स.	३४६३६४/-	२७६५२९/-	२४९८५०/-	२४३१३७/-	६७१३
	५८०-३/३१	भुवनपोखरी छचुवा घुम्ती मो. वा.	१०६२८४१/-	१०५५०५९/-	९५००००/-	९४२७०५/-	७२९५
		जम्मा					**११६८८८/-**

१४.४	**८०५५०५०५०६३०१ शिक्षा पुँजिगत**	
	गो भौ नं १२-०७६/३/३ बाट नेपाल सरकारको बजेटबाट निजि शिक्षकहरुको तलव भत्ता खर्च लेख्न नपाउनेमा कार्यालयले निम्नानुसार विद्यालयहरुलाई पि.सि.एफ. रकम भनि निजि शिक्षकको तलव भत्ता खर्च लेखि भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.	१००००००/-

सि.नं	विद्यालयको नाम	रकम
१	भुट्टदीदेवी आ वि	१०००००/-
२	भगवती आ वि	१०००००/-
३	जोगवाणि मा वि	१०००००/-
४	गोरखनाथ आ वि	१०००००/-
५	गुहारठाना मा वि	१०००००/-
६	कालिका आ वि	१०००००/-
७	मालिका आ वि	१०००००/-
८	गहते मा वि	१०००००/-
९	राजापानी आ वि	१०००००/-
१०	खुर्सानि आ वि	१०००००/-
	जम्मा	**१००००००/-**

१४.५	गो भौ नं ३१,३३-०७६/३/३१ र १६८-२०७६/३/२९ बाट आयकर ऐन २०५८ को दफा ८ अनुसार भत्तामा १५ प्रतिशतका दरले आयकर लाग्ने व्यवस्था छ। कक्षा ५ र ८ को परिक्षा संचालन वापत निम्नानुसार पर्यवेक्षक केन्द्र तथा केन्द्राध्यक्ष भत्ता उत्तरपुस्तिका परीक्षण वापतको रकम भुक्तानी गर्दा कर कट्टा नगरेकोले असुल हुनुपर्ने रु.	३९०००/-

कक्षा ८ को केन्द्राध्यक्ष र पर्यवेक्षक भत्ता	१३००००/-	१९५००/-
कक्षा ५ को उत्तरपुस्तिका परीक्षण अनुगमन	१३००००/-	१९५००/-
	जम्मा	**३९०००/-**

१४.६	गो भौ नं ३२-२०७६/३/३१ बाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३६ (३) अनुसार विल भरपाई सहितको लेखा राख्नु पर्दछ। कालिका मा वि लाई मेशिनरी औजार (प्राविधिक शिक्षा संचालन) वापत रु ७६००००/- भुक्तानी दिएकोमा सो कार्यको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाईहरु पेश नभएको रु.	७६००००/-
१४.७	**पेश्की बाँकी:** गो भौ नं ४-२०७५/८/१० बाट आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार तोकिएको म्याद भित्र यस नियमावलीको कार्यविधि अपनाई पेश्की फछ्र्यौट गर्नुपर्छ। तर कार्यालयले कालिका मा विलाई प्राविधिक शिक्षा सन्चालन पेश्की दिएकोमा आ व को अन्त सम्म पनि फछ्र्यौट नभएकोले नियमावली अनुसार असुल फछ्र्यौट हुनुपर्ने रु.	३४००००/-
१५	**चालु, कार्य सन्चालन र प्रशासनिक खर्च :-** यसमा देहायका व्यहोरा देखिएका छन्।	
१५.१	**प्रशासनिक खर्च :-** कार्यालयले आफ्नो आन्तरिक आय अनुसार प्रशासनिक खर्च गरेको हुनु पर्दछ। कार्यालयको कूल आन्तरिक आय तथा प्रशासनिक खर्च गरेको विवरण लेखापरीक्षणार्थ माग गरिएकोमा तयार गरेको छैन। अत : आन्तरिक आय र खर्चको विवरण तयार गरि आन्तरिक आयको परिधि भित्र रहेर प्रशासनिक खर्चको बजेट सिमा कायम गरिनु पर्ने देखिन्छ।	
१५.२	**कर्मचारी कल्याण कोष:** स्थानीय सरकार सन्चालन ऐन २०७४ अनुसार कर्मचारी कल्याण कोषको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ। तर गाउँपालिकाले उक्त कोषको व्यवस्था गरेको देखिएन। अत: उक्त कोषको व्यवस्था गरिनु पर्ने देखिन्छ।	
१५.३	**विल भरपाई भन्दा बढी खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (३) मा खर्च लेख्दा खर्चका विल भरपाई सहितको लेखा राख्नुपर्ने अवस्था छ। तर कार्यालयले स्वास्थ्य संयोजक श्री जीवन रानालाई खर्च सोधभर्ना गर्दा देहायअनुसार विल भरपाई भन्दा बढी खर्च सोधभर्ना गरेको देखियो। अत: विल भरपाई भन्दा	

बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु. १५१५००/-

गो.भौ.नं. र मिति	खर्च विवरण/कार्यक्रम	विल अनुसार रु.	खर्च रु.	बढी रु.
१७१-२०७६/३/३०	बाल भिटा कार्यक्रम	३७८५०/-	४२०००/-	४१५०/-
१७०-२०७६/३/३०	स्वास्थ्य कार्यक्रम	३००००/-	४४८००/-	१४८००/-
१७४-२०७६/३/३०	स्वास्थ्य स्वयम सेविका अर्धवार्षिक कार्यक्रम	१०८४५०/-	२४१०००/-	१३२५५०/-
	जम्मा			**१५१५००/-**

१५.४ प्रशिक्षक/बैठक भत्ता : अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका अनुसार ग्रामिण स्तरमा प्रशिक्षण दिदा कार्यपत्रको रु.७०० र प्रस्तुतिकरणको रु.७०० दिनुपर्ने र कर्मचारी भए कार्यपत्रको मात्र दिनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं ५ को संसदले जारी गरेको पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐनले बैठकभत्ता रु ७०० निर्धारण गरेकोले पदाधिकारी लगायतका कर्मचारीहरुलाई बैठक भत्ता रु ७०० भन्दा बढी दिन मिल्ने देखिदैन तर कार्यालयले देहाय अनुसार बैठक /प्रशिक्षण भत्ता रु १००० ले दिएको देखियो । तोकिएभन्दा बढी दरमा दिएको भत्ता रु घघज्ञछर(मस्यौदा प्रतिवेदन जारी पश्चात दाखिला गरेको छ ।

गो.भौ.नं र मिति	कार्यक्रम	भुक्तानी पाउनेको नाम	बैठक संख्या	दिएको	दिनुपर्ने	बढी	कर पछि बढी
१७१-२०७६/३/३०	स्वास्थ्य	श्री गिता दर्लामी समेत ६ जना	१	६०००	४२००	१८००	१५३०
१९८-२०७६/३/३१	स्वास्थ्य	प्र.प्र.अ श्री ज्ञानुराम पन्थी समेत ७ जना	१	७०००	४९००	२१००	१७८५
जम्मा							**३३१५**

१५.५ भ्रमण खर्च नियमावली २०६४ को नियम १८ अनुसार दैनिक भ्रमण भत्ताको विल भरी आवश्यक विल भरपाई सहित भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने र नियमानुसार कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । तर भ्रमणबाट फर्केको पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगर्नुका साथै कार्यालयले भ्रमण अभिलेख राखेको पाइएन । यसका केही उदाहरण निम्नानुसार छन् ।

गो भौ नं र मिति	भ्रमण गर्ने पदाधिकारी	भ्रमण स्थान	भ्रमण मिति	भुक्तानी रु
६-२०७५/५/२५	प्र.प्र.अ ठानेश्वर पराजुली	काठमाण्डौ बुटवल	विभिन्न	४४६००/-
१९३-२०७५/९/२५	ई. रामु न्यौपाने	बल्डेङगढी	२०७५/८/२४-२०७५/९/१	१००००/-
२०८-२०७५/९/२६	राम बहादुर कार्की अध्यक्ष	काठमाण्डौ	२०७५/८/२५-२०७५/९/५	२३६५०/-

१५.६ गो भौ नं २-२०७५/५/२५ बाट आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार मुल्य अभिवृदि करमा दर्ता नभएका आपुर्तिकर्ता वा सेवा प्रदायकको रु ५० हजार भन्दा बढीको भुक्तानीमा १५ प्रतिसतका दरले कर कट्टी गर्नु पर्दछ । तर जनसेवा पुस्तक तथा स्टेशनरी पसल तानसेनले मिति २०७५/४/१७ देखि ४/३१ सम्मको मु अ कर विनाको विल भुक्तानी रु. ९७३८५/ लिएकोमा १५ प्रतिशतका दरले रु.१४६०८/ कर कट्टा गर्नु पर्नेमा १.५ प्रतिसतका दरले रु. १४६० मात्र कट्टा भएकोले असुल हुनुपर्ने रु १३१४८/-

८०५५०५०६३०२ स्वास्थ्य चालु

१५.७ वितरणमुखि कार्यक्रम : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६३ बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाटवाट प्राप्त हुने (कर अनुदान ऋण र अन्य आय) प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समितिको गठन गर्ने व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण सन्तुलित वितरण बजेट सीमा निर्धारण बजेट तथा कार्यक्रम निर्धारण बजेट तथा कार्यक्रम प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १२ (७) मा वितरणमुखि कार्यक्रम संचालन गर्न नपाइने व्यवस्था छ । कार्यालयले यस शिर्षकबाट कार्यक्रममा खर्च गर्दा विकाससँग सम्बन्धित कार्यक्रम संचालन गर्नुपर्नेमा विभिन्न वडाका जनताहरुको विमा गरी वितरणमुखि कार्यक्रम संचालन गरेको पाइयो ।

गो.भा.न. र मिति	वडा नं	स्वास्थ्य विमा गर्नेको सँख्या	वितरण रु
१-२०७५/१०/०३	४	१६	२००००
३-२०७५/११/२७	८	५०	६२५००
४-२०७५/१२/२०	२	५०	६२५००
५-२०७५/१२/२२	४	२४	३००००
६-२०७५/१२/२७	१	५०	६२५००
७-२०७५/१२/२७	३	१८	२२५००
८-२०७५/१२/२७	३	२४	३००००

९-२०७५/१२/२७	३	५०	६२५००
११-२०७५/१२/२८	५	४५	५६२५०
१८-२०७६/३/२९	३	३२	४००००
१९-२०७६/३/२९	३	२६	३२५००
२०-२०७६/३/२९	५	२	१७५०
२२-२०७६/३/३०	७	१८	२२५००
२६-२०७६/३/३१	४	५७	७१२५०
जम्मा			**५७६७५०**

१६ **करकट्टि र दाखिला:-** यसमा निम्न व्यहोराहरु छन ।

१६.१ **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएका सेवा प्रदायक वा आपूर्तकहरुलाई मु.अ.कर सहितको कर विजक अनुसार भुक्तानी गर्दा विजक मुल्यको १.५ प्रतिशत कर कट्रि गर्नुपर्ने र मु.अ कर दर्ता नभएको आपुर्तिकर्ता वा सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्दा १५ प्रतिशत कर कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार घटी कर काटेको देखियो । उक्त रकम असुल गर्नुपर्ने देखिएको रु. ३७४५७/-

गो भौ नं र मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रु	कट्टी गर्नुपर्ने रु	काटेको रु	घटी रु
२०८-२०७६/३/३१	विन्दु पौडेल	६५००	९७५	६५	९१०
१५९-०७५/९/६	करुवा साप्ताहिक तानसेन	१२६००	१८९०	१८९	१७०१
१९७-२०७५/९/२५	नेपाल प्रेस युनियन तानसेन	१३०००	१९५०	१९५	१७५५
१९९-०७५/९/२५	रुरु रेसुङगा केवलनेट गुल्मी	१९२५०	२८८७	२८८	२५९९
३४४-०७५/१२/१०	जनचेतना दैनिक तानसेन	६०००	९००	९०	८१०
३५६-०७५/१२/१७	सामुदायिक रेडियो मुक्तिनाथ ९०.८ मेगाहर्ज तानसेन	१५५००	२३२५	२३२	२०९३
		१६५००	२४७५	२४७	२२२८
५६१-०७६/३/१	करुवा साप्ताहिक	१००००	१५००	१५०	१३५०
	रक्तप्रवाह म्यागजिन कोटेश्वर	५०००	७५०	७५	६७५
६०७-२०७६/३/२३	नव जनचेतना दैनिक तानसेन	१३०००	१९५०	१९५	१७५५
६०९-२०७६/३/२३	युनिक सोसियल कम्युनिकेसन प्रा लि	७५००	११२५	११२	१०१३
६१९-२०७६/३/२७	सामुदायिक रेडियो मुक्तिनाथ तानसेन	२८५००	४२७५	४२७	३८४८
६२०-२०७६/३/२७	बुद्दभुमि नेपाल साप्ताहिक बुटवल	१००००	१५००	१५०	१३५०
६२१-२०७६/३/२७	भुवन फोटो एण्ड भिडियो ग्राफिक	१५९००	२३८५	२३८	२१४०
६३७-२०७६/३/३०	पाल्पा स्मार्ट तानसेन	५०००	७५०	७५	६७५
६३८-२०७६/३/३०	अग्नी परीक्षा राष्टिय साप्ताहिक	१९०००	२८५०	२८५	२५६५
६४१-२०७६/३/३०	करुवा अर्धसाप्ताहिक तानसेन	१००००	१५००	१५०	१३५०
६४४-२०७६/३/३०	परेवा पाक्षिक पत्रिका तानसेन	३०००	४५०	४५	४०५
६४५-२०७६/३/३०	गाउँले देउराली साप्ताहिक तानसेन	१५०००	२२५०	२२५	२०२५
७६१-२०७६/३/३०	पाल्पा मिडिया प्रा लि	१००००	१५००	१५०	१३५०
७६२-२०७६/३/३१	क्रिमसन संचार अनामनगर	१५०००	२२५०	२२५	२०२५
७६३-२०७६/३/३१	नेपाल शिक्षक संघ पाल्पा	६०००	९००	९०	८१०
७६५-२०७६/३/३१	पिपुल्स क्रिएसन प्रा लि तानसेन	१००००	१५००	१५०	१३५०
७६८-२०७६/३/३१	स्थानीय पत्रकार संघ नेपाल	५०००	७५०	७५	६७५
	जम्मा		४९३८०/-	४६६३/-	**३७४५७/-**

१६.२ **मूल्य अभिबृद्धि कर भुक्तानी :-** मुल्य अभिबृद्धि कर नियमावली २०७६ को बजेट वक्तव्य), २०५३ को नियम ६ (ग) अनुसार ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु तथा सेवा आपूर्ति गर्ने ठेकेदार वा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि करको ५० प्रतिशत निजको नामवाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार आपूर्तिकर्ता ब्रदर्श इन्टरप्राइजेजसामान खरिदको भुक्तानीमा मूल्य अभिबृद्धि करसमेत भुक्तानी गरेकोमा मु.अ. करको ५० प्रतिशतले हुने रकम कट्टि

गरी सम्बन्धित राजश्व खातामा दाखिला गरेको देखिएन । यसवाट राजश्व असुलीमा असर पर्न सक्छ । यसको कारण कार्यालयले बजेट वक्तव्यवाट मूल्य अभिवृद्धि कर नियमावलीमा उक्त व्यवस्था संशोधन भएको जानकारी नभएको र जिल्ला स्थित को.ले.नि.का.ले आषाढको पहिलो सातान्तमा मात्र वैठक वोलाई जानकारी गराएकोले कट्टि गर्न छुट भएको जनाएको छ। अतः उक्त भुक्तानीको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. ६४९८३८/-

गो भौ नं र मिति	व्यहोरा	आपुर्तिकर्ताको नाम	विजक नं र मिति	विल रकम	भ्याट	५० %रु
४७७-०७६/३/२३	सभाहल निर्माण	सन्त कन्स्टक्सन	१०-.......	३२७८२४७	४२९१७३	२१४५८७
६६९-०७६/३/३१	सभाहल निर्माण	सन्त कन्स्टक्सन	१४-०७६/३/३१	१९५२२०००	२५३७८६	१२६८९३
४९८-०७६/३/२६	सौर्य वत्ति जडान	समृद्द नेपाल इनर्जि	२३०-७६/३/२३	१९२६९४०	२५०५०२	१२५२५१
५००-०७६/३/२६	मोटरवाटो निर्माण	ग्लोवल निर्माण सेवा	७७-०७६/३/१६	५२४१०४	६८१३३	३४०६७
५२३-०७६/३/२७	एच डि पि इ जि आइ पाइप खरिद	देव प्लाष्टिक तिलोत्तमा	२०१-७६/२/२४	३२८९२२	४२७५९	२१३८०
५२३-०७६/३/२७		देव प्लाष्टिक तिलोत्तमा	२०४-०७६/२/२६	७२४४०९	९४१७३	३७०८७
५२३-०७६/३/२७		देव प्लाष्टिक तिलोत्तमा	२०५-७६/२/२६	५७४५८८	७४६९६	३७३४८
५५६-०७६/३/३०	वाटर पम्प खरिद	सिदि्द विनायक टेड सेन्टर बुटवल	२८८-७६/३/२५	२५७८४१	३३५१९	१६७६०
५६८-०७६/३/३०	खानेपानी संरचना निर्माण		२३१,३२ -०७६/२/१८	३५८१४२	४६५५८	२३२७९
५६०-०७६/३/३०	सामुदायिक भवन निर्माण	वालकन्यादेवी हार्डवेयर तथा सप्लायर्स तिलोत्तमा	६९४-७६/३/२५	७६८५५	९९९१	४९९६
५६०-०७६/३/३०	सामुदायिक भवन निर्माण		६९६-७६/२/१६	८४०००	१०९२०	५४६०
			६९७-७६/२/२०	४२०००	५४६०	२७३०
	जम्मा			**२७६९८०४८**	**१३१९६७०**	**६४९८३८/-**

१६.३ **Non – Filler** गो भौ नं ४९८-२०७६/३/२६ बाट सम्वृद्ध नेपाल इनर्जि प्रा लि ले यस पालिकामा सौर्य वत्ति जडान गरेकोमा सो सप्लायर्सको कर सम्बन्धित विवरणको लागि www.ird.gov.np मा सर्च गरी हेर्दा मिति २०७५ महिना १० देखि Non – Filler रहेको देखियो। अत कार्यालयले भुक्तानी दिएको रकमको आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु २१७७४४२/-

१६.४ **ढुवानी भाडा कर :** गो भौ नं १८२-२०७५/१२/१२ बाट आयकर ऐन २०५८ अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिसत भाडा कर कटाउनु पर्ने व्यवस्था छ । कार्यालयले भुसाल ढुवानी सेवा चन्द्रौटालाई मोटरबाटो निर्माणकार्यमा बालुवा ढुवानी गरेको ढुवानी भाडा रु २८८००० भुक्तानी गर्दा ढुवानी भाडाको कर कटाएको देखिएन। अत उक्त भाडा भुक्तानीमा ऐन अनुसार भाडा कर कट्टी गर्नुपर्ने देखिएको रु. **२८८००/-**

१७ **संचित कोष हिसाब :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा स्थानीय तहको संचित कोषको व्यबस्था रहेको र उक्त कोषमा स्थानीय तहको सबै आम्दानी जम्मा गर्नु पर्ने र आर्थिक वर्षको अन्तमा खर्च भई बाँकी रहेको बजेट रकम समेत संचित कोषमा जम्मा गरी अन्य सञ्चालन तथा पूजीगत खाताको मौज्दात शुन्य गरी खाता बन्दी गरिनु पर्दछ । तर कार्यालयले पेश गरेको विवरण अनुसार चालु खातामा रु.२५९१५६६.५०र पुजिगत खातामा रु.१००७३६८ रुपैया समेत रु.३५९८९९४.५० मौज्दात बाँकी राखिएको देखियो । यसबाट उल्लिखित ऐनको सिद्धान्त तथा मनसायको अनुसरण भएको छैन । अत : आर्थिक वर्ष अन्त सम्म खर्च नभई बाँकी रहेको बचत ऐन अनुसार संचित कोष हिसाबमा जम्मा गर्नुपर्नेमा जम्मा नगरेकोले नियमानुसार नदेखिएको रु. ३५९८९९४/५०

१७.१ **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकका ८ गाउँ विकास समितिको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित गाऊँबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन । तत्कालिन गाउँ विकास समितिको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी गाउँपालिकाअन्तर्गत ल्याइनु पर्दछ ।

१८ **घरनक्सा निवेदन र नक्शा पास :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ३३ को उपदफा (२) अनुसार नक्सा पासको लागी तोकिएको अवधि औसत ३० दिन देखी ५० दिन भित्र घर निर्माणको अस्थायी अनुमति पत्र दिनु पर्ने व्यबस्था छ । तर कार्यालयले घर निर्माणको नक्सा स्वीकृत तथा साविक घरहरुको अभिलेखिकरण गर्ने गरेको छैन । अत साविकका घरहरुको अभिलेखिकरण तथा घर निर्माणको नक्सा पास गर्ने व्यवस्था कार्यान्वयन गरिनु पर्दछ ।

१९ **जिन्सी सम्पति प्राप्ती,हस्तान्तरण एवं व्यवस्थापनः** यसमा देहायका व्यहोरा छन् ।

१९.१	**सरकारी सार्वजनिक जग्गाको संरक्षण :** कार्यालयले सरकारी तथा सरकारी ऐलानी जग्गाको संरक्षण गरेको हुनु पर्दछ । गाऊँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती जग्गाको अभिलेख तयार गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती सार्वजनिक जग्गाको संरक्षण तथा प्रवर्धन गर्ने कार्य तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
१९.२	**जिन्सीको वार्षिक प्रतिवेदन :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५३ अनुसार कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको जिन्सि मालसामानको वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले तयार गरेको तथा सम्बन्धित मन्त्रालय र विभागल त्यसको अनुगमन गर्ने गरेको देखिएन । यसबाट नेप्सास अनुसारको प्रतिवेदन तथा सामानको वार्षिक मूल्यांकनमा असर पर्न सक्छ । यसको कारण गतविगत वर्ष देखि तयार गर्ने नगर्नु हो । अतः जिन्सिको वार्षिक प्रतिवेदन तयार गरिनु पर्दछ ।	
१९.३	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा १७ बमोजिम गाऊँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको जिन्सी सम्पत्ति, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउ/नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहमा समाहित भएका साबिकका गाउँ विकास समितिहरु तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख कार्यालयले एकिन गरी अध्यावधिक गरेको देखिएन । अतः कार्यालयले पेश्की बाँकी तथा बेरुजुको अभिलेख एकिकृत गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
२०	**न्यायिक समिति र मुद्दा फछ्र्यौट :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीय तहको न्यायिक समिति गठन हुने र दफा ५३ अनुसार न्यायिक समितिको वार्षिक कामको विवरण तयार गर्ने व्यबस्था छ । कार्यालयको वार्षिक प्रतिवेदन अनुसार २०७५/७६ मा ६ वटा मुद्दा दर्ता भएको मध्ये १ वटा अदालतमा पठाएको, ४. वटा मेलमिलाप द्वारा विवाद समाधान गरेको र स्वयं मेलमिलाप गरेको देखिएको छ । न्यायिक समितिको न्याय सम्पादनका कार्यहरु प्रभावकारी बनाईनु पर्ने देखिन्छ ।	
२१	**सेवा प्रवाह :-** गाउँपालिकाले यो वर्ष सर्वसाधारणले सेवा प्राप्तिका लागी कुल निवेदन मध्ये नागरिकता सिफारिस ८२३ मध्ये ८१७, नाता प्रमाणित १४२ वटा, जन्म मृत्यु दर्ता ९५५ मध्ये ९४७ वटा, अन्य १७८५ मध्ये १७६७ वटा कार्य सम्पन्न भएको विवरणबाट देखियो । सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्दछ ।	
२१.१	**सेवा प्रवाहको पारदर्शिता :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८(५) अनुसार गाँउपालीका/नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी , उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक प्ररिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार गराएको देखिएन । अतः ऐन अनुसारको व्यवस्थाको अनुशरण गरी सेवा प्रवाहलाई पारदर्शी गराइनु पर्दछ ।	
२२	**शिक्षा, युवा तथा खेलकुद** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
२२.१	**निकासा खाता :** कार्यालयले विभिन्न विदालयहरुमा चौमासिक निकासा दिदा सो निकासा रकम निकासा खातामा प्रविष्टी गरी दोहोरो निकासा नहुने सुनिश्चित गर्नु पर्ने व्यवस्था छ । कार्याल्यले विद्यालयहरुलाई निकासा दिदा निकासा खाता अभिलेख राख्ने गरेको देखिएन जसले गर्दा दोहोरो निकासा हुन सक्ने जोखिम रहन्छ । कार्यालयले निकासा खाता अभिलेख अध्यावधिक गरी राख्नु पर्ने देखिन्छ । कार्यालयले पटक पटक छुट निकासा दिने गरेको केही उदाहरण देहाय अनुसार छन् ।	

सि.नं.	भौचर नं र मिति	खर्च विवरण	विद्यालयको नाम	निकासा रु.
१	१८७-२०७६/३/३१	बहुकक्षा निकासा	भैरव/शान्ति प्रा.वि.	१०००००
२	१८८-२०७६/३/३१	छुट पाठ्य पुस्तक	विभिन्न विद्यालय	४९८८७९
३	१८९-२०७६/३/३१	तेस्रो चौमासिक निकासा छुट	मगरान देवी प्रा वि समेत ४	७४४३६
४	२२०-२०७६/३/३१	पोषाक छुट	सिद्देश्वर वालविनोद आ.वि	३००००
५	२२१-२०७६/३/३१	पोषाक छुट	खुर्सानै आ वि	१००००

२२.२	**शिक्षक लगत :** कार्यालयले निकासा दिने विद्यालयहरुमा शिक्षक नयाँ नियुक्ति हुँदा, सरुवा, बढुवा तथा अवकास भएको अवस्थामा सोको विवरण अद्यावधिक गरीनु पर्दछ । कार्यालयले सो विववरण तयार गरेको देखिएन । यसले गर्दा शिक्षकको विवरण अद्यावधिक नहुँदा घटी बढी निकासा हुन सक्ने देखिन्छ । अतः विद्यालय शिक्षकको लगत अद्यावधिक गरिनु पर्दछ ।	
२२.३	**नर्म्स** : गो भौ नं २५-२०७६/३/३० र १४४-०७६/३/९ बाट राष्टपति रनिङ शिल्ड कार्यक्रमका रेफ्रि तथा	

सहायक रेफ्रिहरुलाई दिइने पारिश्रमिक सम्बन्धित खेलकुद विकास समितिको स्वीकृत नर्म्स अनुसार दिइनु पर्दछ । कार्यालयले देहायअनुसार उक्त खेल कार्यकममा रेफ्रिहरुलाई दैनिक रु १५०० का दरले ३/३ दिनको पारिश्रमिक दिएकोमा स्वीकृत नर्म्स देखिएन । अत खेल कार्यकमका रेफ्रिहरुलाई पारिश्रमिक दिएकोमा स्वीकृत नर्म्स वेगर दिएको रु. ४८०००/-

सि न	भुक्तानी पाउनेको नाम	दिन	दर	जम्मा रु
१	श्री नारायण सारु	३	१५००	४५००
२	श्री दिल बहादुर गाहा	३	१५००	४५००
३	श्री धन बहादुर बुढा	३	१५००	४५००
४	श्री दिपक घिमिरे समेत ९ जना	२३	१५००	३४५००
	जम्मा			**४८०००/-**

२२.४ **खर्चको प्रमाण : गो भौ न** १३८-२०७६/२/३१ **बाट** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) खर्च लेख्दा खर्चका विल भरपाइका आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले देहायका विद्यालयहरुलाई विभिन्न कामका लागि निकासा खर्च दिएकोमा खर्च प्रमाणहरु बेगर दिने गरेको देखियो । अत खर्चका प्रमाणहरु पेश गर्नुपर्ने रु. २०४८०००/-

सि नं	भौचर नं /मिति	विद्यालयको नाम	कामको विवरण	रकम
८	१८३-२०७६/३/३१	गहते मा.वि. सौचालय निर्माण	कार्यसम्पन्न प्रतिवेदन र नापि किताव नभएको	६५००००
९	१८४-२०७६/३/२१	सोमादी/छहरा/सत्यवती सा.सि. के.	खर्च निकासा	३०००००
१०	२२६-२०७६/३/३१	गहते/गुहारठाना/जोगवाणि मा वि लाई पि.सि.एफ निकासा	पि.सि.एफ. निकासाको प्रमाण	१०९८०००
		जम्मा		**२०४८०००**

२२.५ **शिक्षकको बढी ग्रेड :** विद्यालय शिक्षकका तलव ग्रेड निकासा गर्दा शिक्षक किताव खानाको पारीत ग्रेड संख्याका आधारमा दिइनु पर्दछ । कार्यालयले शिक्षक कितावखानाबाट पारीत ग्रेड संख्यामा देहायअनुसार फरक पारी निकासा दिएकोले बढी निकासा दिएको देखियो । अत बढी दिएको निकासा रकम असुल गर्नुपर्ने देखिएको रु २४५८३२/-

सि नं	विद्यालयको नाम	शिक्षकको नाम	दिएको सँख्या	पारीत संख्या	बढी सँख्या	ग्रेड दर	तेह् महिनाको	क सं कोष थप	जम्मा बढी
१	गहते मा.वि	कृष्ण प्रसाद आचार्य	५	०	५	७३९	४८०३५	४४३४	५२४६९
२	भगवति मा.वि	प्रकास पङगेनी	१	०	१	७३९	९६०७	८८७	१०४९४
३	भगवति मा.वि	विष्णु प्रसाद पाण्डे	४	३	१	७८३	१०१७९	९४०	१११११९
४	कालिका मा.वि	राजन अर्याल	१	०	१	७८३	१०१७९	९४०	१११११९
५	गौरादेवी मा.वि	नारायण प्रसाद पोखेल	३	०	३	१०१७	३९६६३	३६६१	४३३२४
६	गौरादेवी मा.वि	नारायण बहादुर चिदि	१	०	१	७८३	१०१७९	९४०	१११११९
७	जनजागृति आ. वि	ध्रुबराज पौडेल	५	४	१	७८३	१०१७९	९४०	१११११९
८	भुटुग्दीदेवी आ. वि	शेष बहादुर कुमाल	५	०	५	७३९	४८०३५	४४३४	५२४६९
९	विन्दवासिनि प्रा वि	रमेश भण्डारी	३	०	३	७३९	२८८२१	२६६०	३१४८१
१०	संगिता प्रा वि	भोज बहादुर गाहा	३	२	१	७८३	१०१७९	९४०	१११११९
	जम्मा								**२४५८३२/-**

२२.६ **रोक्का निकासा :** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६(३) अनुसार खर्च लेख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका विद्यालयहरुलाई भवन निर्माण खर्च निकासा दिएकोमा खर्चका प्रमाणहरु नरहेको र निर्माण कार्य समेत नभएको भन्ने जानकारी भयो । निर्माणकार्य नभएकोमा कार्यालयले निकासा खर्च लेखि बैंकलाई रोक्का आदेश गरेको देखियो । उक्त खर्चको विल भरपाई कार्यसम्पन्न प्रतिवेदन र नापि मूल्याङकन पेश गर्नुपर्ने देखिएको रु. २९६००००/-

सि नं	**भौ नं र मिति**	**विद्यालयको नाम**	**खर्च विवरण**	**रकम रु**
१	१९२-२०७६/३/३१	कालिका मा.वि.	चार कोठे भवन निर्माणमा दोस्रो निकासा	९०००००
२	२१८-२०७६/३/३१	मालिका मा.वि	सौचालय निर्माण	४६००००
३	२१९-२०७६/३/३१	जोगमाई मा.वि	२ कोठे भवन र फर्निचर	१६०००००
	जम्मा			**२९६००००**

२३	**कृषि तथा पशुसेवा कार्यक्रमः** यसमा निम्न व्यहोराहरु देखिएका छन् ।	
२३.१	**वीउ वितरणको प्रमाण :** कार्यालयले अनुदानमा वितरण गर्ने वीउ विजन सम्बन्धित कृषकले जग्गाको आधारमा बुझेको हुनु पर्दछ । कार्यालयले अनुदानमा आलु तथा तरकारीका वीउहरु आदि कृषकहरुलाई वितरण गर्दा कृषक समूहका अध्यक्षले बुझेको तर सम्बन्धित कृषकहरुलाई वितरण गरेको प्रमाण देखिएन । अत सम्बन्धित कृषकहरुले नै प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु.	१०३७,०००/-

भौ नं / मिति	वीउ आपूर्तिकर्ता	विवरण	रकम
५-०७५/९/४	समयमाइ आलु वीउ उत्पादक कृषक समूह	आलु वीउ २०० के जि	१०००००
८-०७५/१२/१	सहयोगि भेटनरी सेन्टर	तरकारीका वीउहरु	२१२०००
८७-०७६/३/३१	जय किसान फलफुन नर्सरी	४६५ बोट केरा,	२५०००
८६-०७६/३/३०		,सुन्तला ३८३, कफि ४०४०, जुनार ११५५, १०० बोट आँप, १०० बोट लिचि समेत	७०००००
	जम्मा		**१०३७०००**

२३.२	**मागमा आधारित खरिद :** कृषकहरुलाई अनुदानमा कृषि यन्त्र उपकरण वितरण गर्दा माग संकलन एवं आवश्यकताको पहिचान र छनोट पश्चात खरिद गरी वितरण गरेको हुनुपर्दछ । तर कार्यालयले आवश्यकता पहिचान र कृषकको छनोट नगरि खरिद गर्ने, खरिद पश्चात कृषकहरुलाई वितरण गर्ने गरेको देखियो । कार्यालयले आपुर्तिकर्ता बुटवल कृषि यन्त्र घरखरिद गरेको सामानहरु मध्ये २०७६ बैशाखमा रु. २५७६४०। मा खरिद गरेको वितरण हुन नसकी चिलिङ म्याट मौज्दातमै रहेको देखियो । अतः कृषकहरुको माग एवं आवश्यकता पहिचान गरी अनुदानका उपकरणहरु खरिद तथा वितरण गर्ने तर्फ ध्यान दिइनु जरुरी देखिन्छ । उदाहरणार्थ	

भौ नं / मिति	उपकरणको नाम	मूल्य	अनुदान खर्च
८४-२०७६/३/३०	चिलिङ भ्याट ५०० लि १ थान मिल्क क्यान ५ थान, चाप कटर ४ मोटर ३ ढुवानी र विविध	२५७६४० ४२३७५ १८९८४० १२७००	२५०००० १५००००
	जम्मा		**४०००००**

२३.३	**विउ वोका वितरण :** गो भौ नं ११६-२०७६/३/३१ बाट कार्यालयले कृषकहरुलाई वितरण गर्ने विउ वोकाको प्रभावकारी उपयोग गरिएको हुनुपर्दछ । कृषक तथा कृषक समूहलाई वितरण गर्न गरेको संझौताको दफा ७ मा वीउ वोकाको विमा गराउनु पर्ने, दफा २ मा ३ वर्ष सम्म विउ वोका वेच्न नपाइने उल्लेख गरी रेश्मी पशुपंक्षी फर्मबाट रु ४० हजारमा खरिद गरेको २ वीउ वोका क्युरेनी कृषक समूहका अध्यक्ष प्रकास रायमाझी छहरा र कृषक सुर्य रमा मुझुडलाई वितरण गरेको देखियो । तर डेढ वर्ष पछि हाडनातामा पर्न सक्ने भएकोले वोका साटासाट वा स्थानान्तरण गर्नुपर्ने शर्त संझौतामा राखिएको देखिएन । त्यस्तै संझौताको दफा ७ अनुसार विमा पनि नगराएको र दफा २ अनुसार ३ वर्षसम्म बेचविखन गर्न नपाउने गरी कार्यालयले अभिलेख राख्ने तथा अनुगमन गर्ने व्यवस्था मिलाएको देखिएन । अत संझौता अनुसार वीउ वोकाको वीमा गर्ने तथा कार्यालयले अभिलेख राख्नुपर्ने तथा संझौताको शर्तमा साटासाट तथा स्थानान्तरणको व्यवस्था मिलाउनु पर्दछ ।	
२४	**फिल्ड भत्ताः** यसमा निम्न व्यहोराहरु देखिएका छन् ।	
२४.१	**फिल्ड भत्ता :** कार्यालयले पिल्डमा खटिएका कर्मचारीहरुलाई फिल्ड भत्ता भुक्तानी गर्दा फिल्ड भत्ता सम्बन्धी अर्थ मन्त्रालयको तलव भत्ता सम्बन्धी परिपत्र अनुसार दिनु पर्दछ । तर कार्यालयले स्वास्थ्य तर्फका देहायका कर्मचारीहरुलाई मासिक रु २२५०का दरले फिल्ड भत्ता भुक्तानी गरेकोमा भत्ता भुक्तानी गर्नुपर्ने आधार देखिएन । अत देहाय अनुसारका फिल्ड भत्ता भुक्तानी गरेको आधार प्रमाण पेश गर्नुपर्ने रु.	१८९०००/-

सि नं	कर्मचारीको नाम दर्जा	मासिक	जम्मा
१	स.पाँचौ अ.न.मि. रमा ज्ञवाली	२२५०	२७०००
२	स.पाँचौ अ.न.मि. विष्णु कुमारी पोखरेल	२२५०	२७०००
३	स.पाँचौ अ.न.मि. सरस्वती राना	२२५०	२७०००
४	स.पाँचौ अ.न.मि. तारादेवी राना श्रीष	२२५०	२७०००
५	स.पाँचौ अहेव नृप बहादुर कार्की	२२५०	२७०००

६	स.पाँचौ अ.न.मि. पद्मा कार्की	२२५०	२७०००
७	स.पाँचौ अ.न.मि. श्री विमला पौडेल	२२५०	२७०००
	जम्मा	**१५७५०**	**१८९०००/-**

२४.२ **फोटोकपिः** गो भौ नं २७-२०७६/३/३१ बाट आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को ३ मा खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले छहरा स्वास्थ्य चौकिको ल्याव निर्माण खर्च साझा आल्मुनियम प्यान ६०३५८५६८३ को विजक नं १५८१/२०७६/२/३ गते र ७५०/२०७५/६/६ गतेवाट मुल्य रु ४८७७९/७० मा मु अ क रु ६३४१/३६ समेत रु ५५१२१/०६ मध्ये रु ४८००० भुक्तानी गरिएकोमा कर विजकको फोटोकपि मात्र पेश गरेको देखियो । अत उक्त विजकको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मु अ कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु ४८०००/-

२४.३ **सामुदायिक स्वास्थ्य इकाई खर्च :** गो भौ नं ३१-०७५/८/१० र ६२-७५/११/२७ बाट कार्यालयले खर्च लेख्दा खर्चको विल भरपाइका आधारमा खर्च लेख्नु पर्दछ । तर म्यालढाप स्थित सामुदायिक स्वास्थ्य इकाइ संचालनको लागि खर्च प्रमाणहरु बेगर खर्च लेखेको देखियो । अत उक्त खर्चको प्रमाणहरु पेश गर्नुपर्ने देखिएको रु. ७०००००/-

२४.४ **भ्रमण आदेश स्वीकृती :** गो भौ नं ७०-२०७५/१२/१० बाट भ्रमण खर्च नियमावली २०६४ को नियम ३ को उपनियम २ को खण्ड ६ मा कार्यालय प्रमुखले भ्रमण आदेश दिन पाउने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकिका कर्मचारीहरुको भ्रमण आदेश स्वास्थ्य चौकिकै कर्मचारीबाट स्वीकृत गर्ने गरेकोले नियमानुसार देखिएन । गाउँपालिकाको कार्यालय प्रमुख प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था छ । अत भ्रमण आदेशको स्वीकृति प्रमुख प्रशासकीय अधिकृतबाटनै गर्ने गरिनु पर्दछ । स्वास्थ्य चौकिकै कर्मचारीबाट भ्रमण आदेश स्वीकृत गराइ भ्रमण खर्च भुक्तानी गरेका केही उदाहरण देहाय अनुसार छन् ।

सि.नं	भ्रमण गर्ने कर्मचारी	भ्रमण स्थान	आदेश दिने कर्मचारी	खर्च रु.
१	सि.अ.हे.व गिता दर्लामी	गापा कार्यालय	स्वास्थ्य चौकी प्रमुख सिद्देश्वर	१४२५
२	अ.न.मी विष्णु पोखेल	छहरा	स्वास्थ्य चौकी प्रमुख सोमादी	६२५
३	.अ.हे.व राम प्रसाद न्यौपाने	छहरा	स्वास्थ्य चौकी प्रमुख भुवनपोखरी	६२५
४	.अ.हे.व विश्वेश्वरनाथ गोइत	छहरा	स्वास्थ्य चौकी प्रमुख मुम्फुङ	६२५
५	अ.न.मि विमला पौडेल	छहरा	स्वास्थ्य चौकी प्रमुख जुठापौवा	१२२५
६	.अ.हे.व थानेश्वर खनाल	छहरा	स्वास्थ्य चौकी प्रमुख बल्डेङगढी	१३२५
७	.अ.हे.व मनोज राना	छहरा	स्वास्थ्य चौकी प्रमुख सत्यवती	१४२५

२४.५ **खर्चको प्रमाण :** गो भौ नं २१५-२०७६/३/२१ बाट आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीको नागरिक लगानी कोष दाखिला गरेकोमा कविराज बैद्ध श्री सृजना के सी समेत ४ जनाको रु १०७,८४० भएको नाम नामेसी विवरण रहेकोमा बैक खर्च रु ११८,७७०/३० गरेको देखियो । अत नाम नामेसी भन्दा बढी बैक खर्च लेखेको देखिएकोले सो सम्बन्धी प्रमाण पेश गर्नुपर्ने रु **१०९३०/३०**

२५ **महिला तथा वालवालिका कार्यक्रमः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

२५.१ **चाडपर्व खर्च :** गो भौ नं ८४-२०७६/१२/२६ बाट निजामति सेवा ऐन २०४९ अनुसार कर्मचारीहरुलाई वर्षमा १ पटक चाडपर्व खर्च दिने व्यवस्था छ । स म वि नि श्री राधा भट्टराई आचार्यले २०७५/११/२६ गते फाल्गुणको तलव भत्ता भुक्तानी गर्दा राम नवमी प्रमुख पर्व भएकोले चाडपर्व खर्च माग गरेकोले कार्यालयले चाडपर्व खर्च रु २२१७० समेत भुक्तानी दिएको देखियो । निजको अन्यत्र सरुवा भै गएको रमाना पत्रमा निजको प्रमुख चाड राम नवमी भई सोही पर्वमा चाडपर्व खर्च भुक्तानी गरेको व्यहोरा खुलाउनु पर्नेमा उक्त व्यहोरा खुलाएको देखिएन । यसबाट सरुवा भै गएको कार्यालयबाट अन्य पर्वलाई प्रमुख चाडको आधारमा दोहोरो भुक्तानी हुन सक्ने भएकाले रमाना पत्र सच्चाई सरुवा भइं गएको कार्यालयबाट २०७६ को आश्विनको दशैमा चाडपर्व खर्च नदिएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. २२१७०/-

२५.२ **भत्ताः** गो भौ नं ९२-२०७६/१/५ बाट अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका अनुसार प्रशिक्षण कार्यक्रममा प्रशिक्षण तथा कार्यपत्र प्रस्तुत गर्ने कर्मचारीलाई प्रस्तुतिकरणको भत्ता दिन नमिल्ने र कार्यपत्रको मात्र रु ७०० दिन सकिने व्यवस्था छ । तर कार्यालयले नेतृत्व र क्षमता विकास तालिमको देहायअनुसार बढी भत्ता दिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको छ । ५१०/-

सि.नं.	भुक्तानी पाउनेको नाम	कक्षा संचालन	दिएको	दिनुपर्ने	बढी	कर पछिको बढी

६	स म वि नि राधा भट्टराई आचार्य	२	२०००	१४००	९००	५१०
	जम्मा					**५१०/-**

२६ **मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम चालु :**यसमा निम्न व्यहोराहरु देखिएका छन् ।

२६.१ **वितरणमुखि बजेट तथा कार्यक्रम :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाडफाड बाट प्राप्त हुने रकम, अन्य अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न चार सदस्यीय समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण , बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा तथा मार्गदर्शन गर्ने व्यवस्था छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १२ को ७ मा वितरणमुखि कार्यक्रम संचालन गर्न नपाउने व्यवस्था छ । कार्यालयले यस शिर्षकबाट रकम खर्च गर्दा विकास निर्माणसँग सम्बन्धित कार्यक्रम बनाई खर्च गर्नुपर्नेमा अपाङगहरुलाई आर्थिक सहायता, स्वास्थ्य विमामा रकम वितरण गरेकोले वितरण मुखि कार्यक्रम संचालन गरेको पाइयो । नेपाल सरकारले नै स्वास्थ्य विमा कार्यक्रम गरि सुविधा समेत प्रदान गरेकोमा पुनः गाऊँपालिकाबाट कार्यक्रम राखिएकोले कार्यक्रमममा दोहोरोपना हुन सक्ने भएकोले यसप्रकारको खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

गो भौ नं र मिति	**वडा नं**	**विवरण**	**रकम**
८-०७६/३/२६	३	कृष्ण बहादुर लाम्टाङगे अपाङग सहयोग	१५०००
९-०७६/३/२७	६	निशुल्क स्वास्थ्य विमा १० जना	३८५००
१३-०७६/३/२९	६	निशुल्क स्वास्थ्य विमा ८ जना	२८०००
१६-२०७६/३/२९	३	मेघनाथ भट्टराई अपाङग सहयोग	१५०००
१७-२०७६/३/३०	३	थमन बहादुर साठीघर अपाङग सहयोग	१५०००
१८-२०७६/३/३०	३	विष्णु पौडेल अपाङग सहयोग	१५०००
२२-२०७६/३/३१	४	निशुल्क स्वास्थ्य विमा ८ जना	२८०००
२३-२०७६/३/३१	८	निशुल्क स्वास्थ्य विमा ८ जना	२८०००
२५-२०७६/३/३१	३	मेघराज पाण्डे अपाङग सहयोग	१५०००
२७-०७६/३/३१	३	निशुल्क स्वास्थ्य विमा ६ जना	२१०००
२८-२०७६/३/३१	३	निशुल्क स्वास्थ्य विमा ५ जना	१७५००
२९-२०७६/३/३१	१	अमृता कुमाल छात्रवृति	१७५००
	४	प्रतिक्षा न्यौपाने छात्रवृति	१७५००
५-२०७६/३/२३	७	हिमा नेपाली छात्रवृति	४००००
	जम्मा		**३११०००**

२७ **विपद व्यवस्थापन कोषः** वितरणमुखि बजेट तथा कार्यक्रम : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाडफाड बाट प्राप्त हुने रकम, अन्य अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न चार सदस्यीय समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, बजेट सीमा निर्धारण , बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा तथा मार्गदर्शन गर्ने व्यवस्था छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १२ को ७ मा वितरणमुखि कार्यक्रम संचालन गर्न नपाउने व्यवस्था छ । कार्यालयले यस शिर्षकबाट रकम खर्च गर्दा विकास निर्माणसँग सम्बन्धित कार्यक्रम बनाई खर्च गर्नुपर्नेमा निम्नानुसार रकम वितरण गरेको पाइयो ।

गो भौ नं र मिति	**वडा नम्बर**	**नाम**	**वापत**	**सहयोग रु**
२-२०७६/२/६	१	हुम बहादुर रेग्मी	गोठ जलेर नष्ट	१००००
३-०७६/२/६	६	निमकला पुन	चट्याङले मिटरवक्स नष्ट	५०००
४-२०७६/२/१२	७	मिरा थामी	रुख ढली घर नष्ट	१००००
५-२०७६/२/२३	६	धन बहादुर छहारी	घरको छाना उडाएको	५०००
६-२०७६/२/२४	३	हरि प्रसाद पौडेल	घरको छाना उडाएको	५०००
७-२०७६/२/२६	३	डोल बहादुर ज्ञवाली	बाघले ६० वटा कुखुरा मारेको	८६००
८-०७६/२/३१	३	हिरा बहादुर दर्लामी	वर्षाले घरको छाना क्षतविक्षत	५०००
९-२०७६/३/१	३	विजय कामी	टिन उडाएको	५०००
		सोने कामी	टिन उडाएको	५०००
		मंगली वि क	टिन उडाएको	२०००

१४-२०७६/३/२	६	वेद बहादुर जि सी	पसलमा आगलागी	३००००	

२८ **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बनधी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भउको व्यवस्था अनुसार गाउँपालिकाले देहाय बमोजिम रु ५८२८९७२ सुविधा वापत भुक्तानी भएको देखियो ।

सि.न	**विवरण**	**अध्यक्ष**	**उपाध्यक्ष**	**वडा अध्यक्ष ८ जना**	**कार्यपालिका सदस्य ६ जना**	**सभाका सदस्य २१ जना**	**जम्मा बार्षिक**
१	मासिक सुविधा	१९०७१६	३२४०००	१५७५४५६	८६४०००	१७६४०००	४७१८१७२
२	बैठक भत्ता बैठक सभाको आधारमा	२२४००	२२४००	३९२०००	४४०००	६३००००	१११०८००
	जम्मा						**५८२८९७२**

२९ **आन्तरिक लेखापरिक्षण :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्यय को आन्तरिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७५।७६ को आयव्यय कारोबारको आन्तरिक लेखापरिक्षण गराएको देखिएन । आन्तरिक लेखापरिक्षणको अभावमा नियमितता र वित्तिय शुद्धता सम्वन्धमा सुनिश्चिततताको अभाव हुन गएको छ । अत : ऐनको व्यवस्था अनुसार आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

३० **बेरुजु फछ्र्यौट र सम्परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ र आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १८ बमोजिम लेखापरिक्षणबाट बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवारी व्यक्तिको हुने र दफा १९ अनुसार तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) मा लेखापरीक्षणबाट कायम भएका बेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवारी व्यक्ति वा कार्यालय प्रमुख हुने उल्लेख छ । कार्यालयले साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरेको छैन । लेखापरिक्षणको समयमा सम्परिक्षणकालागी पेश गरेको छैन साथै फछ्र्यौट गर्न बाँकी बेरुजुको अध्यावधिक लगत तयार गरेकोसमेत देखिएन । अतः साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरि फछ्र्यौट गरिनु पर्दछ ।

अनुगमन तथा मुल्याङकन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फछयौट गर्ने व्यवस्था गरेको छ । सोहि ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछययौट गर्ने गराउने काम कर्तब्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । तर कार्यालयले गत वर्षको वेरुजु फछयौट तथा सम्परीक्षण गराएको छैन र बाँकी बेरुजु स्थिति निम्नानुसार देखिएको छ ।

गत वर्षको बेरुजु रकम रु क	यो वर्ष फछयौट रु ख	बाँकी रु (हजारमा)
५,४१,५६,०००/-	२,३७,४०,०००/-	३,०४,१६,०००/-

अधावधिक वेरुजु स्थिति : गाऊँपालिकाको आर्थिक वर्ष २०७५।०७६ सम्मको फछयौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्ष सम्मको फछयौट गर्न	यो वर्षको सं.प.बाट कायम बेरुजु रु घ	यो वर्षमा कायम बेरुजु रु ङ	बाँकी
३,०४,१६,०००/-	-	१०,५०,६३,१८९/-	१३,५४,७९,१८९/-

....

अनुसूची १

रैनादेवी छहरा गाउँपालिका
स्थानीयतह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५–९)
१	**रैनादेवी छहरा गाउँपालिका**	पाल्पा	१९२७६	९९१९३	२१०१५८	१३९०१५	४४८३६६	२९१३२९	१५२३३२	१२२९८	४५५९५९	११६८३

अनुसूची- २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	**रैनादेवी छहरा गाउँपालिका**	पाल्पा	६५	५१	११८७४४		१६	१३६८१	६५	३५	१०५०६३	२१५२	५८	९३७५०			९३८०८		९१०३	९१०३

अनुसूची : ३

अद्यावधिक वेरुजु स्थिति

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजु
१.	**रैनादेवी छहरा गाउँपालिका**	पाल्पा	५४१५६	२३७४०	३०४१६		१०५०६३	१३५४७९